का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० भदौ २०८१,
आइतबार
15 September, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २१५ । पृष्ठ ८ | Madhyanha National Daily | madhyanhadaily.com




# नेतृत्व नछोड्ने प्रचण्डको सन्देश



सरकारबाट बाहिरिए लगत्तैबाट लगातार पार्टी बैठक, प्रशिक्षण र भेटघाट गरिरहेका पुष्पकमल दाहाल प्रचण्डले माओवादी केन्द्रको नेतृत्व परिवर्तन अहिले सम्भव नरहेको सन्देश दिइरहेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

पूर्वी नेपालको भ्रमणमा रहेका पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी आमचुनावसम्म नेकपा माओवादी केन्द्रलाई नयाँ ठाउँमा पुऱ्याउने बताएका छन् । मोरङमा शनिबार आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै माओवादी अध्यक्ष प्रचण्डले आगामी चुनावबाट पार्टी शक्तिशाली बन्ने विश्वास लिएका हुन् ।

'मलाई विश्वास र भरोषा छ कि आउने चुनावमा जनताले माओवादीलाई फेरि सरकारको नेतृत्व गर्ने हैसियत दिनेछन्, नयाँ ठाउँमा पुऱ्याउनेछन्', प्रचण्डले भने । माओवादीलाई सरकारमा लैजादा मात्र जनताले चाहेको परिवर्तन संभव रहेको उनले बताए ।

माओवादीलाई नयाँ ठाउँमा लैजाने र सरकारको नेतृत्व गर्न सक्ने हैसियत आफ्नै नेतृत्वमा दिलाउने पनि प्रचण्डले बताए । ' जीवनको उत्तरार्धमा छु, किन हो अलि बढी जोस् आउन थालेको छ' उनले भने, 'मलाई जोस् आएकै छ ।'

उनी यतिमै रोकिएनन् । आफ्नो नेतृत्वको प्रशंग बढाएर प्रचण्डले मरेपछिको परिकल्पनासम्म गरेका छन् । मरेपछि पनि नेतृत्व गर्ने संकल्प उनले सुनाएका छन् ।

'भनिन्छ, एउटा अशल राजनीतिज्ञ बाचिन्जेल जनताको सेवा गर्छन्, मरेपछि पनि आफ्नो कर्मले सयौ वर्ष जनताको सेवा गरिराख्छन्, राजनीतिज्ञ कहिल्यै मर्दैनन्' उनले भने, 'मैले कहिल्यै नमर्ने राजनीतिज्ञ बन्ने संकल्प लिएको छु ।'

प्रचण्डको यस्तो अभिव्यक्तिलाई अर्थपूर्ण रुपमा लिन सकिन्छ । किनकि उपमहासचिव जनार्दन शर्माले नेतृत्व हस्तान्तरणको अडान पृष्ठ २ मा

# कति सम्भव लोकतान्त्रिक ध्रुवीकरण ?

राजनीतिक स्थिरताका लागि लोकतान्त्रिक ध्रुवीकरण आवश्यक रहेको भन्दै नेपाली कांग्रेसले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टीसँग सहकार्यकै प्रस्ताव गरेको हो ।



कांग्रेस र कम्युनिष्टबीच लोकतान्त्रिक समाजवादका बारेमा भिन्दाभिन्दै व्याख्या छ । यसकारणले पनि ध्रुवीकरण आवश्यक छ ।

● **कृष्णप्रसाद सिटौला**
**पूर्वमहामन्त्री, नेपाली कांग्रेस**


**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

नेपाली कांग्रेसले लोकतान्त्रिक ध्रुवीकरणको पहल गरेको छ । नेताहरूका अनुसार कम्युनिस्ट बाहेकका राजनीतिक दलसँग नजिक हुने नीति कांग्रेसले लिएको छ। यसका लागि नेताहरूले गृहकार्य अगाडि बढाएका छन् ।

राजनीतिक स्थिरताका लागि लोकतान्त्रिक ध्रुवीकरण आवश्यक रहेको भन्दै कांग्रेसले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टीसँग सहकार्यकै प्रस्ताव गरेको छ । समाजवादमा पुग्नका लागि समेत यो आवश्यक रहेको बताउँछन् ।

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौला । कांग्रेस र कम्युनिष्टबीच लोकतान्त्रिक समाजवादका बारेमा भिन्दाभिन्दै व्याख्या रहेकाले पनि ध्रुवीकरण आवश्यक रहेको उनको तर्क छ ।





विश्वेश्वरप्रसाद कोइरालाको १११ औं जन्मजयन्तीका अवसरमा संवाद केन्द्रले शनिबार गरेको 'लोकतान्त्रिक समाजवाद र आजको परिस्थिति' विषयक अन्तरक्रियामा बोल्दै उनले यस्तो तर्क गरेका हुन् । बिपी कोइरालाले भनेजस्तै जनताको शासन सत्तामा प्रत्यक्ष पहुँच भए मात्र लोकतान्त्रिक समाजवादको कल्पना पूरा हुने बताए ।

'आवधिक निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधि रोज्ने र प्रतिनिधिमार्फत शासन चलाउने हो, जनताले प्रतिनिधिमार्फत आफ्नो शासन गर्ने हो, लोकतान्त्रिक शासन पद्धति भनेको यही हो,' उनले भनेका छन् ।

कांग्रेस र कम्युनिष्टबीच लोकतान्त्रिक समाजवादका बारेमा भिन्दाभिन्दै व्याख्या रहेकाले पनि ध्रुवीकरण आवश्यक रहेको उनले दोहोऱ्याए ।

सिटौला कांग्रेसका पूर्वमहामन्त्री हुन् । विसं २०४६ देखि कम्युनिष्टलाई शान्ति र लोकतन्त्रको बाटोमा हिँडाउन कांग्रेसले नेतृत्व गरेको उल्लेख गर्दै उनी अब ध्रुवीकरण गरेर जानुपर्नेमा जोड दिन्छन् ।

'कांग्रेस र कम्युनिष्टबीच लोकतान्त्रिक समाजवादका बारेमा भिन्दाभिन्दै व्याख्या छ । यसकारणले पनि ध्रुवीकरण आवश्यक छ' उनले भनेका छन् ।

सरकार बनाउने विषयमै समेत यस्तो बहस हुने गरेको छ । नेपालमा कम्युनिष्टका रुपमा रहेको र प्रतिनिधि सभामा कम्युनिष्ट शक्तिको रुपमा रहेको नेकपा एमाले र नेकपा माओवादी केन्द्र रहेका छन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## खाडी र मलेसियाको रोजगारीमा देखिएको स्वास्थ्य समस्या

# धेरै कामदारमा देखियो मिर्गौलासम्बन्धी रोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ

नेपालबाट वैदेशिक रोजगारमा खाडी र मलेसिया गएका धेरै कामदारमा मिर्गौलासम्बन्धी रोग देखिएको छ। किड्नी इन्टरनेशनल रिपोर्टस् जर्नलमा प्रकाशित अध्ययनमा नेपाली आप्रवासी कामदारमा दीर्घकालीनरुपमा मिर्गौला रोग बढ्ने खतरा औंल्याइएको छ ।

वैदेशिक रोजगारबाट फर्केका अधिकांशमा छोटकरीमा सिकेडी भनिने क्रोनिक किड्नी डिजिजको समस्या छ । काम गर्ने घण्टा लामो भएको, स्वच्छ पिउने पानी, कार्यस्थलमा शौचालय नभएको र समयमै चिकित्सा हेरचाहको अभावले सिकेडी समस्या बढ्दै गएको बताइएको छ । किड्नी इन्टरनेशनल रिपोर्टस् जर्नलले स्वदेश फर्केका ४४ जना आप्रवासी नेपाली कामदारहरुलाई आधार बनाएर अध्ययन गरिएको बताएको छ । उनीहरुको औसत उमेर ३७ वर्ष हाराहारीमा रहेको छ ।

अध्ययनमा समावेशमध्ये २७.३ प्रतिशत मलेसिया र ७२.७ प्रतिशत खाडी मुलुकमा काम गरेर फर्केका थिए । उनीहरु सबैको नेपालबाट रोजगारीमा जानु अगाडि विस्तृत स्वास्थ्य परीक्षण र अनुसन्धान गरिएको थियो । उनीहरुमध्ये ६८.२ प्रतिशतले स्वास्थ्य बीमा गरेको भए पनि २०.४ प्रतिशतले मात्रै हरेक वर्ष नियमित स्वास्थ्य जाँच गराएका थिए ।

मिर्गौला समस्या रहेकामध्ये ५२.३ प्रतिशतले इनडोर, ३६.४ प्रतिशतले आउटडोर, ११.४ प्रतिशतले इनडोर र आउटडोर दुवैमा काम गरेका थिए । हाल मिर्गौला समस्या झेलिरहेका ७० प्रतिशत कामदारले हप्तामा ६० घण्टाभन्दा बढी काम गरेका थिए भने १३.६ प्रतिशतले हप्तामा ५० घण्टाभन्दा कम काम गरेको बताएका छन् । २० प्रतिशतले ५५ घण्टा काम गरेका छन् । एक स्वस्थ व्यक्तिले दैनिक कम्तीमा ५ लिटर शुद्ध पानी पिउनुपर्ने भएपनि उनीहरुले औसतमा दैनिक साढे दुई लिटरभन्दा कम पानी पिएको पाइएको अध्ययनले देखाएको उल्लेख गरिएको छ । उनीहरुमध्ये करिब १६ प्रतिशतले समयमै शौचालयको पहुँच नपाएका कारण पिसाब रोकेर काम गर्नुपरेको बताएका छन् । अध्ययन अवधिमा ६३.६ प्रतिशतले मिर्गौला मर्मतका लागि डायलाइसिस शुरु गरेको र ६.८ प्रतिशतले मिर्गौला प्रत्यारोपण गरेको बताइएको छ ।

स्वदेश फर्केका अधिकांश भक्तपुर स्थित शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा उपचारका लागि पुगेका छन् । केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठका अनुसार डायलाइसिस गराइरहेका मध्ये ३० प्रतिशत र प्रत्यारोपण गर्नेमध्ये ३० प्रतिशत वैदेशिक रोजगारीबाटै फर्किएका बिरामी छन् । नेपालबाट दैनिक हजारौंको संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जाने गरेको र तीमध्ये कतिपयलाई समस्या हुँदाहुँदै पनि गुपचुप पठाउने गरेको बताइएको छ ।

मिर्गौला समस्यासम्बन्धी अध्ययन गरिरहेको अर्को संस्था नेपाल विकास समाजले काठमाडौंको नेशनल किड्नी सेन्टरमा गरेको अध्ययनले डायलाइसिस गराउनेमध्ये ३१ प्रतिशत वैदेशिक राजगारबाट फर्किएका व्यक्ति भएको बताएको छ ।

# यसै वर्ष सडक बालबालिकामुक्त बनाइने

कतिपय बालिबालिका सडक बालबालिकाका रुपमा रहनुपर्ने बाध्यताबाट पिल्सिएका छन् । २०८१ भित्रै बालबालिकालाई यस अवस्थाबाट मुक्त गर्ने अठोट प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका छन् ।



बालबालिकालाई सही आचारण सिकाउँदै जानुपर्छ । समृद्ध नेपाल, सुखी नेपालीको नारा पूरा गर्न बालबालिकामा लगानी गर्नुपर्छ, उनीहरुलाई भविष्यको योग्य नागरिक बनाउन सक्छौं ।

● **केपी शर्मा ओली**
**प्रधानमन्त्री**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

सरकारले २०८१ भित्रै सडक बालबालिका मुक्त बनाउने बताएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीका अनुसार सडकमा बस्नुपर्ने परि स्थितिबाट बालबालिकालाई यही वर्षभित्र मुक्त गर्ने सरकारको लक्ष्य छ।

६० औं बाल दिवसका अवसरमा प्रधानमन्त्री ओलीले सडकमा बस्नुपर्ने परिस्थितिबाट बालबालिकालाई यही वर्षभित्र मुक्त गरिने बताएका हुन् ।

कतिपय बालिबालिका सडक बालबालिकाका रुपमा रहनुपर्ने बाध्यताबाट पिल्सिएका छन् । यस अवस्थाबाट मुक्त गर्नका लागि २०८१ भित्रै बालबालिकालाई सडकमा बस्नुपर्ने परिस्थितिबाट मुक्त गर्ने अठोट प्रधानमन्त्री ओलीले गरेका छन्।

प्रधानमन्त्री ओलीका अनुसार बालबालिकाका लागि प्रतिकूल अवस्था हटाएर अनुकूल अवस्था सिर्जना गर्न बालमैत्री वातावरण बनाउन सरकार लागिपरेको छ ।

ठूलो संख्यामा बालबालिकाहरु कुपोषणको सिकार भइरहेको र विद्यालय जानबाट वञ्चित रहेको अवस्था छ। यस अवस्थाबाट बालबालिकालाई बाहिर निकाल्नुपर्नेमा सरोकारवालाहरूले पनि जोड दिँदै आएका छन् ।

गरिबीको रेखामुनि रहेका मानिसलाई रोजगारी उपलब्ध गराउन सरकार लाग्दा समस्या भएको कतिपयको बुझाई छ ।

नेपाल बाल संगठनले राष्ट्रिय बाल दिवसका अवसरमा प्रधानमन्त्री निवास, बालुवाटारमा कार्यक्रम राखेको थियो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ' बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी' नारालाई सार्थक बनाउनुपर्नेमा पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० भदौ २०८१, आइतबार
15 September 2024, Sunday

# विद्युत सेवा अवरुद्ध हुँदा बझाङवासी अन्धकारमा बस्न बाध्य

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २९ भदौ

वर्षाका कारण विद्युत सेवा अवरुद्ध हुँदा बझाङका स्थानीयहरू तीन दिनदेखि अन्धकारमा बस्न बाध्य भएका छन्। भदौ २६ गतेबाट परेको अविरल वर्षाले राष्ट्रिय प्रशारण लाइनमा समस्या आएपछि जिल्लाको विद्युत सेवा पूर्णरुपमा अवरुद्ध भएको नेपाल विद्युत प्राधिकरण बझाङ वितरण केन्द्रका कर्मचारी राम कुँवरले बताए।

तीन दिनदेखि विद्युत अवरुद्ध हुँदा स्थानीयको दैनिक जनजीवनका साथै व्यापार व्यवसाय र सरकारी कामकाज समेत प्रभावित भएको छ।

विद्युत नहुँदा मोबाइल समेत चार्ज गर्न नपाएर स्थानीयको सञ्चार सम्पर्क टुटेको छ भने बन्द व्यापारदेखि लिएर कार्यालय र घरायसी कामकाज समेत



समस्या आएको जयपृथ्वी नगरपालिका -१० चैनपुरमा व्यापार व्यवसाय गर्दै आएको मान बहादुर धामीले बताए। २६ गते रातिबाट बिजुली नआउँदा होटल, मासु पसल र दुग्ध व्यवसाय गर्नेलाई मर्का परेको छ। यस्तै, दुग्धजन्य पदार्थ पनि भण्डारण गर्न समस्या भएका कारण खेर फाल्नु परेको सदरमुकाम चैनपुरमा डेरी सञ्चालन गरिरहेका लोकेन्द्र खड्काले बताए।

यस्तै विद्युत अवरुद्ध भएका कारण यहाँका रेडियो, ग्रिल उद्योग, कुटानी पिसानीमिल, फर्निचर उद्योग, बेकरी उद्योगको काम ठप्प भएको छ। जयपृथ्वी एफएम नेटवर्कका सञ्चालक प्रताप ओलीले बिजुली नहुँदा रेडियो बन्द गरेर बस्नु पस्नुपर्ने बाध्यता रहेको बताए।

बुधबार राति जयपृथ्वी नगरपालिकाको तमैल नजिक आएको पहिरोले पोलमा क्षति पुऱ्याएपछि विद्युत सेवा अवरुद्ध भएको थियो। त्यो समस्या समाधान गर्नु अगावै बैतडीको भालुमारेमा दुई वटा पोल ढलेको र शनिबार तमैलमा पनि फेरि समस्या आएका कारण लामो समय विद्युत सेवा अवरुद्ध भएको नेपाल विद्युत प्राधिकरणको बझाङ वितरण केन्द्रका कर्मचारी राम कुँवरले जानकारी दिए।

# पर्वत समाज कतार बहुउद्देश्यीय अक्षयकोषको अध्यक्षमा वि.क सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २९ भदौ

पर्वत समाज कतारको संरक्षकत्वमा स्थापित पर्वत समाज कतार बहुउद्देश्यीय अक्षयकोषको प्रथम अधिवेशन विविध सांस्कृतिक कार्यक्रमसहित सम्पन्न भएको छ। शुक्रबार ग्राण्डमलमा रहेको लालीगुराँस रेस्टुरेन्टमा अक्षयकोषका तदर्थ समिति संयोजक नन्दलाल वि.क (अजय)को अध्यक्षता तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो।

खुला र बन्द सत्र गरेर दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट आगामी कार्यकालका लागि अध्यक्षमा नन्दलाल वि.क (अजय) सर्वसम्मत चयन भएका छन्। समितिको उपाध्यक्षमा छविलाल भट्टराई, श्यामलाल न्यौपाने, चिन्तामणि पौडेल, सचिवमा ओम बहादुर क्षेत्री (सन्तोष), सहसचिवमा भरत मल्ल ठकुरी, कोषाध्यक्षमा रघुनाथ शर्मा र सह-कोषाध्यक्षमा भिमकान्त पौडेल निर्वाचित भएका छन्।

त्यस्तै कार्यसमिति सदस्यहरूमा दिल कुमार श्रेष्ठ, शेषराज तिमल्सिना, सेवक घताने, महेन्द्र कुमार चालिसे, हरिप्रसाद शर्मा, आनन्द जिसी, टंक प्रसाद तिवारी,



राम प्रसाद शर्मा, सुवास जिसी, जिसी, गंगा शर्मा, रमेश पौडेल रहेका छन्। निर्वाचन समिति संयोजक विक्रम कार्कीले नव निर्वाचित पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

कार्यक्रमको खुला सत्रमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले अक्षयकोषले लिएको लक्ष्य पूरा हुन सकेमा गृह जिल्ला पर्वतमा निम्न स्तरका, पिछडिएका, शिक्षा र स्वास्थ्यको अभाव भएको ठाउँमा अक्षयकोषले सेवा गर्न विश्वास व्यक्त गरे। नेपालबाट आमन्त्रित अतिथि कलाकार प्रतिभा शर्मा चापागाईंले आफू कतार पहिलो पटक परदेशी तिमी कति महान् छौं भने भन्ने श्लोक सुनाउँदै आफ्ना सांगीतिक प्रस्तुति राखेकी थिइन्।

उनले माइती बिना यो चेलीको के नै अर्थ भो, मलाई पिर छैन धनको बरिलै लगायतका गीतहरू गाइन्। स्थानीय कलाकार यमुना पटेलले म्याग्दी जिल्लामा प्रचलित थाली नाच पेस गरिन्। कार्यक्रममा कलाकार पटेलसहित सुरज खनाल, देव विश्वकर्मा, कृष्ण दर्लामीले आफ्ना सांगीतिक प्रस्तुति दिए। तमु गुरुङ समाजले चेली माइतीको सम्बन्धलाई प्रगाढ बन्ने विश्वास व्यक्त गर्दै पर्वत समाजलाई सगुन (कोसेली) प्रदान गरेको थियो। कार्यक्रममा प्रस्तुति दिने कलाकारहरूलाई पारिश्रमिक सहित सम्मान गरिएको थियो।

कोषाध्यक्ष रघुनाथ शर्माले तदर्थ समितिको आयव्यय विवरण पेस गर्दै अक्षयकोषको मूल रकमलाई रु.एक करोड सम्म पुऱ्याउने लक्ष्य रहेको बताए। कार्यक्रममा कतारमा स्थापित विभिन्न संघ-संस्थाका प्रमुखहरूले मन्तव्य राख्दै अक्षयकोषले लिएको उद्देश्य छिट्टै पूरा होस् भन्ने शुभकामना दिएका थिए। अधिवेशनमार्फत अक्षयकोषका लागि सहयोग गर्ने विशिष्ट व्यक्तित्वहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

कार्यक्रम संयोजक छविलाल भट्टराईले स्वागत मन्तव्य राखेको अधिवेशनमा अञ्जली परियारले स्वागत नृत्य पेस गरेकी थिइन्। सन्तोष क्षेत्री र भरत मल्ल ठकुरीले मिलेर सहजीकरण गरेको अधिवेशनको खुला सत्रको समापन गर्दै सभाध्यक्ष वि.कले अक्षयकोषको लक्ष्यलाई सबैको साथ र सहयोगले मात्र पूरा गर्न सकिने बताए।

# गोपाल नीना फाउण्डेसनद्वारा निःशुल्क स्वास्थ्य सेवा

**नेपालगञ्ज/मस**–गोपाल नीना फाउण्डेशनद्वारा स्थानीय निलसागर सेवा आश्रममा आश्रित बालबालिकाहरुलाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरेको छ। राष्ट्रिय बाल दिवसको अवसरमा शनिबार आयोजित विशेष स्वास्थ्य शिविरबाट स्वास्थ्य समस्या भएका ६८ जना आश्रित बालबालिकाहरु लाभान्वित भएका हुन्।

गोपाल-नीना फाउण्डेशनका सहनिर्देशक डा.तृप्ती पाल रमणले दिएको जानकारी अनुसार आश्रममा आश्रित अभिभावक विहीन, आफन्तहरु समेत गुमाएका सहारा विहीन अधिकांश बालबालिकाहरुमा खटिरा, शरीर चिलाउने, छाला, दाँत र मुख आदिको समस्या देखिएको थियो। डा. तृप्ती पाल रमणले भने,'यस्तो समस्या देखिएका उनीहरुलाई निःशुल्क औषधि पनि वितरण गरिएको थियो भने स्वास्थ्य परामर्श सेवा पनि प्रदान गरिएको थियो।'

फाउण्डेसनका संस्थापक अध्यक्ष डा. गौरव श्रेष्ठका अनुसार गोपाल-नीना फाउण्डेशनद्वारा निःशुल्क स्वास्थ्य परीक्षण र औषधि वितरणका साथै उक्त आश्रममा आश्रित २ सय २० जनालाई बिहानको खाना पनि




खुवाइएको थियो भने सबै बालबालिकाहरुलाई स्टेसनरीको किट र हाइजिन किट पनि वितरण गरिएको थियो। खाना खुवाउने कार्यक्रममा प्रसिद्ध स्त्रीरोग विशेषज्ञ डा. नीना श्रेष्ठ, फाउण्डेसनका संस्थापक अध्यक्ष डा. गौरव श्रेष्ठ र आयोजक टिमका अन्य अतिथिहरुले खाना खुवाएका थिए।

आश्रमका इञ्चार्ज एलिसा चौधरी र सामना निल सागरका अनुसार आश्रमका सबै बालवालिकालाई स्टेसनरी वितरण गरिएको थियो।

विशेष स्वास्थ्य शिविरमा डा. सचिन शाह, डा. कमल जङ शाही, बाँके डेन्टल क्लिनिकका डा.शालिनी मिश्र पाठक, डा.दिल बहादुर सन्त्याल र डा.तृप्ती पाल रमणले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरेका थिए। सो कार्यक्रम सफल पार्न फाउण्डेसनको विपुल वर्मा, दिलिप गिरी, कल्पना चौधरी, भावना पौडेलले सक्रिय भूमिका निर्वाह गरेका थिए।

कार्यक्रम प्रारम्भ हुनु पूर्व आयोजित कार्यक्रममा वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. नीना श्रेष्ठ, फाउण्डेसनका संस्थापक अध्यक्ष डा. गौरव श्रेष्ठ, वरिष्ठ पत्रकार पूर्ण लाल चुके, अधिवक्ता तथा फाउण्डेसनका सदस्य लोक बहादुर शाह, बाँके डेन्टल क्लिनिकका सञ्चालक सुरेन्द्र सिंह सरदार लगायतले मन्तव्य राखेका थिए।

त्यसैगरी औषधि बजार प्रतिनिधिहरुको संस्था एनएमएसआर नेपालगञ्जका प्रतिनिधिहरु कुणाल लखेर, विपिन कुमार गुप्ता,प्रविण ठाकुर, डि.आर. पाण्डे, निरज पटेल,प्रकाश कलौनी, कमलेश कर्ण, भरत ओझा र चेतराज ओझा तथा एनपीइएएन नेपालगञ्जका प्रतिनिधिहरु रोहित कुमार भट्ट, अमित पाण्डे, विनोद अधिकारीको पनि सहयोग रहेको डा. तृप्ति पाल रमणले जानकारी दिइन्।

पश्चिम नेपालका सुप्रसिद्ध वरिष्ठ फिजिसियन डा. गोपाल प्रसाद श्रेष्ठ र प्रसिद्ध स्त्रीरोग विशेषज्ञ डा. नीना श्रेष्ठको नाममा उनका सुपुत्र वरिष्ठ पेटरोग विशेषज्ञ डा. गौरव श्रेष्ठको अध्यक्षतामा एक वर्ष अघि स्थापित उक्त फाउण्डेसनले विभिन्न सामाजिक गतिविधि तथा स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। नेपालगन्ज-१० निवासी वरिष्ठ चिकित्सकद्वय श्रेष्ठ २०३९ सालदेखि नेपालगञ्जमा चिकित्सा सेवामा कार्यरत छन्।

**नेतृत्व...**

लिएका छन्। पार्टीभित्र बलियो प्रभाव राख्ने शर्माले प्रचण्डलाई तीन वटा सुझाव दिएका छन्। तर ती सबै नेतृत्व हस्तान्तरणसँगै सम्बन्धित छन्।

शर्माले दिएको विकल्प अनुसार नेतृत्व छोडेर आफूले चाहेको व्यक्तिलाई अगाडि बढाउन प्रचण्डसँग आग्रह गरेका छन्। त्यसो गर्दा प्रचण्डले चाहेकै व्यक्तिले माओवादीको नेतृत्व गर्नेछन्। दोस्रो विकल्पमा प्रचण्ड सहित अहिलेका सबै पदाधिकारीले विश्राम लिनुपर्नेछ। पार्टीको नेतृत्व भने तेस्रो पुस्ताका नेताले गर्नेछन्।

तेस्रो विकल्पमा शर्माले प्रचण्डलाई महाधिवेशनबाट भिडेर नेतृत्वमा आउन सक्ने विकल्प पनि दिएका छन्। तर अहिलेकै जस्तो अवस्थामा नेतृत्वमा रहिरहन नसक्ने चुनौती शर्माले दिएका छन्।

जवाफमा प्रचण्डले भने शर्माले पार्टी फुटाउन खोजेको प्रचार गरेका छन्। आफैले अब जनार्दन शर्माले पार्टी फुटाउँदैनन् भन्ने निष्कर्ष सुनाइरहेका छन्। शर्माले पार्टी फुटाउँदैनन् भन्ने निष्कर्षदेखि सयौं वर्षसम्म बाँच्ने बअभिव्यक्तिबाट प्रचण्डले नेतृत्व परिवर्तन संभव नरहेको सन्देश दिएको अनुमान गर्न सकिन्छ।

अझ पदाधिकारी, स्थायी कमिटी बैठकपछि सिंधै प्रदेश तहको छलफल राखेर प्रचण्डले आफ्नो पक्षमा माहोल बनाउन चाहेका छन्। किनकि केन्द्रीय समिति बैठक राख्नु अगाडि केन्द्रीय सदस्यहरुसँग अलगअलग छलफल गर्दा सबैलाई प्रचण्डले बुझ्न र बुझाउन सक्ने भए।

**कति...**

एमाले र माओवादी केन्द्रलाई नै बाहिर राखेर समेत सरकार बनाउन सकिने भनेर यदाकदा छलफल हुने गरेको छ।

प्रतिनिधि सभाको वर्तमान संसदीय अंकगणितमा यस्तो सभावना रहेता पनि कठिन देखिन्छ। २७५ सदस्यीय प्रतिनिधिसभामा सरकार बनाउन कम्तीमा १३८ सदस्यको समर्थन आवश्यक पर्छ।

प्रतिनिधिसभामा कांग्रेसका ८८, एमालेका ७८, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का २१, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का १४, जनता समाजवादी पार्टी (जसपा)का १२, नेकपा एकीकृत समाजवादीका १०, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का ४, जनमत पार्टीका ६, नागरिक उन्मुक्ति पार्टीका ३, राष्ट्रिय जनमोर्चा र नेमकिपाका एक/एक सदस्य छन्। तीन जना स्वतन्त्र सांसद पनि रहेकाा छन्।

एमाले र माओवादीबाहेक सबै पार्टीको समर्थन जुटाउन सक्दा कांग्रेसले सरकार बनाउन सक्छ। यसका लागि रास्वपा र राप्रपा दुवैको समर्थन अनिवार्य हुन्छ। रास्वपाले समर्थन गर्दा मात्रै पनि यस्तो सम्भावनाको खोजी हुन सक्ने भएकाले कांग्रेसले लोकतान्त्रिक ध्रुविकरणको विषय अगाडि बढाएको हो।

रास्वपासँगै जनमत पार्टीले साथ दिए कम्युनिस्ट बाहेकको सरकार बनाउन समेत सहज हुने भएकाले यसकिसिमको ध्रविकरणका लागि पहल लिएका हुन्।

**यसै...**

जोड दिए। बालबालिकाहरुले हप्की, दप्की, नियन्त्रण र बन्धनमा होइन उन्मुक्तिमा बाँच्न पाउनुपर्ने बताए।

'बाल्यकालदेखि नै बालबालिकाहरुले असुरक्षाबाट ग्रस्त हुने स्थिति हुनु हुँदैन। अहिलेको सरकार बालअधिकार सन्दर्भमा होसियार छ' प्रधानमन्त्री ओलीले भनेका छन्।

अघिल्लो पटक आफू प्रधानमन्त्री हुँदा बालबालिकाहरु अभिभावकबिहीन भएर कोही बालबालिका सडकमा रहन सन्दैन भनेर भनेको उनले स्मरण गरे।

'उनीहरुले आफ्नो नैसिर्गिक अधिकारलाई अनुहारमा मुस्कानसहित उपभोग गर्न पाउनुपर्छ। भविष्यका कर्णधार बालबालिकामाथि आर्थिक स्थिति कमजोर भए पनि सरकारले लगानी गर्छ। उनीहरुको हितमा सुधार ल्याउन ठोस कदम चाल्नैपर्छ' प्रधानमन्त्री ओलीले भनेका छन्।

प्रधानमन्त्री ओलीले बालबालिकाका लागि प्रतिकूल अवस्था हटाएर अनुकूल अवस्था सिर्जना गर्न बालमैत्री वातावरण बनाउन सरकार लागिपरेको दोहो'।

शनिवार बालबालिकामा लगानी, सुरक्षित भविष्यको थालनी भन्ने नाराका साथ ६० औं राष्ट्रिय बाल दिवस देशव्यापी रुपमा मनाएको हो। यो नारालाई सार्थ बनाउने प्रतिवद्धता पनि प्रधानन्त्रीले जनाए।

'६० औं बाल दिवस मनाइरहँदा बालबालिकाले पाउनुपर्ने बालअधिकार, माया, ममता, स्नेह, स्वास्थ्य, शिक्षा, मनोरञ्जन पाउन सकिरहेका छैनन्' प्रधानमन्त्री ओलीले नै भनेका छन्।

पोषणयुक्त खाना, न्यानो नाना, विद्यालय जाने र गुणस्तरीय शिक्षा पाउने अवसर, स्वस्थ्य रहन पाउने अधिकार उपलब्ध गराउनैपर्ने उनले बताए। बालविकास विभिन्न कार्यक्रम सञ्चालन भए पनि ती प्रभावकारी हुन सकेका छैनन्।

गरिबीको रेखामुनि रहेका मानिसलाई रोजगारी उपलब्ध गराउन सरकार लागिपर्ने उनको भनाइ छ। प्रधानमन्त्रीका अनुसार तमाम् अभिभावकले बालबालिकालाई स्नेहपूर्वक रुपमा हुर्काउन, तिनको उपयुक्त बौद्धिक, मानसिक र शारीरिक विकास गर्नका लागि भूमिका खेल्नुपर्छ। उनी थप्छन्, 'बालबालिकालाई सही आचारण सिकाउँदै जानुपर्छ। समृद्ध नेपाल, सुखी नेपालीको नारा पूरा गर्न बालबालिकामा लगानी गर्नुपर्छ, उनिहरुलाई भविष्यको योग्य नागरिक बनाउन सक्छौं।'

# गुणस्तरीय खानेपानी वितरणलाई व्यवस्थित गर्न ल्याब स्थापना गरिँदै

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
बुटवल, ३० भदौ



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशका नागरिकलाई स्वच्छ र सफा खानेपानी उपलब्ध गराइ सबै जनताको स्वास्थ्यमा सुधार ल्याउन लुम्बिनी सरकारले योजना अगाडि बढाएको बताएका छन्।

जनताले खाने गुणस्तरीय खानेपानी वितरणलाई व्यवस्थित गर्न पहिलो चरणमा प्रदेश स्तरीय पानी परीक्षण ल्याव त्यस लगतै जिल्ला स्तरमा ल्याव स्थापना गर्न थालिएको जानकारी दिए।

शनिबार रूपन्देही शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको रजत जयन्ती कार्यक्रमलाई सम्बोधन गर्दै उनले 'एक घर-एक धारा'को अभियानलाई पूरा गर्दै कार्यान्वयन चरणमा रहेका खानेपानी आयोजनालाई सम्पन्न गर्ने लक्ष्य लिएको मुख्यमन्त्रीले दाबी गरे।

उनले प्रदेश सरकारले आफ्नै खानेपानी ल्याव स्थापना, कपिलवस्तु ल्याव खोल्ने तयारी गरेको बताउँदै खानेपानीको गुणस्तर परीक्षण गरेर पानी खुवाउनुपर्छ भनेर ल्याव स्थापना गर्न लागिएको बताए।

मुख्यमन्त्री आचार्यले द्रुत गतिको विकास प्रदेश सरकारको पहिलो आधार भएको बताउँदै समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश बनाउने अभियान पूरा गर्ने योजनामा प्रदेश सरकारका सबै सारथीहरु लागेकोले प्रदेश सरकारले हरेक नागरिक स्वस्थ हुनुपर्छ भन्ने मान्यताका साथ प्रदेशभर अभियान शुरु गरेकोले जनताको सहयोगबाट लुम्बिनी प्रदेशमा खानेपानी, कृषि, पर्यटन र उद्योग क्षेत्रमा सुधार गरेर विकास र समृद्धिको मुल फुटाउने गरी अगाडि बढ्ने बताए।

प्रदेशको पूरानो राजधानी बुटवलमा आएका मुख्यमन्त्री आचार्यले औषधि व्यवसायी संघ रुपन्देहीको सम्मान कार्यक्रम खानेपानी संस्थाको रजत स्मारक, नवनिर्मित कार्यालय भवनको उद्घाटन र रजत स्मारिकाको विमोचन गरेका छन्।

रजत जयन्ती मनाउँदै गर्दा खानेपानी उपभोक्ता संस्थाले निर्धारित लक्ष्य हासिल गर्न गरेका योगदान अविस्मरणीय र उल्लेखनीय रहेको मुख्यमन्त्री आचार्यले दाबी गरे।

कार्यक्रममा प्रतिनिधि सभा सदस्य बासुदेव घिमिरेले सबै नागरिकलाई गुणस्तरीय खानेपानी पुऱ्याउने लक्ष्य सरकारले पूरा गर्नुपर्ने बताए।

कार्यक्रममा प्रदेश सांसद भगवती अधिकारीले रुपन्देही बासिलाई सफा खानेपानी वितरण गर्न सफल भएकोमा शंकर नगर खानेपानी संस्थाका पदाधिकारीलाई धन्यवाद दिइन्। तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँडले पानी शान्तिका लागि, पानी समृद्धिका लागि र पानी जीवनको लागि भएको बताए। सुरक्षित खानेपानीका लागि प्रदेश सरकारसँग स्थानीय सरकारले समन्वय गरेर काम गर्ने उनको भनाइ थियो। संस्थाका अध्यक्ष झबिन्द्र भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव कमला ज्ञवालीको सञ्चालनमा सम्पन्न भएको थियो।

# भूतखेलमा सरसफाइका साथै डस्टबिन हस्तान्तरण

**काठमाडौं/मस**–काठमाडौंको भूतखेलमा एक सय जना भन्दा बढीको संलग्नतामा सरसफाइ कार्यक्रम गरिएको छ। भूतखेल जुम्बा योग परिवारको संयोजन तथा लायन्स क्लब अफ काठमाडौं नेपालय र लियो क्लब अफ काठमाडौं नेपालयको संयुक्त आयोजनामा टोखा नगरपालिका वडा नम्बर ३ भूतखेलमा सरसफाइ गरिएको हो।



कार्यक्रममा टोखा ३ का वडाध्यक्ष रमेश डंगोलको उपस्थितिमा लायन्स क्लब अफ काठमाडौंको जोन चियर पर्सन सहश्रा पौडेल, अध्यक्ष सपना न्यौपाने पौडेल, सचिव भुवन श्रेष्ठ, कोषाध्यक्ष धनु गुरूङ, भुतखेल जुम्बा योग परिवारको तर्फबाट अध्यक्ष बुद्ध श्रेष्ठ, संरक्षकहरू गुरू अंकिता सिलवाल खनाल, एल बि रायमाझी, भुवन श्रेष्ठ, दिनेश प्रसाद सिटौलाले मिलेर इन्द्रयणी भुतखेल सामुदायिक वन समुहका अध्यक्ष सुर्यमान डंगोललाई ३ थान डस्टबिन हस्तान्तरण गरेका थिए।

कार्यक्रम सञ्चालनको लागि मास्क र पन्जा लायन्स क्लबले र चियापानको व्यवस्था जुम्बा परिवारले गरेको थियो। कार्यक्रममा आयोजक लायन्स क्लब अफ काठमाडौं नेपालयका अध्यक्ष सपना पौड्याल र सचिव भुवन श्रेष्ठले आगामी दिनमा यस्तै कार्यक्रम गरिने प्रतिबद्धता जनाएका छन्।

कार्यक्रममा क्लबका रिजनल चियर पर्सन उपेन्द्र कुमार पौडेल, जोन चेयरपर्सन सहर्ष पौडेल, लियो गभर्नर अभय थापा, क्लबका पिभिएसटी टिम र सदस्यको साथै भूतखेल जुम्बा योग परिवारका संयोजकहरू गुरू अंकिता सिलवाल खनाल, लाल बहादुर रायमाझी, भुवन श्रेष्ठ र दिनेश प्रसाद सिटौलाका साथै सदस्यहरु तथा टोखाका स्थानीय बासिन्दा र बुद्धिजीविहरुको समेत उपस्थिति रहेको थियो।

# जाजरकोटमा चट्याङ लागेर महिलाको मृत्यु

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत,२९भदौ

जाजरकोटमा चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ। जाजरकोट भेरी नगरपालिका-२ पोखरा बस्ने ५५ वर्षीया कोसिला कामीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी नायव उपरीक्षक (डिएसपी) पुरुषोत्तम प्रसाद पाण्डेले जानकारी दिए। शनिबार साँझ ५ बजेर ४० बजेको समयमा घर नजिकै चट्याङले उनी घाइते भएकी थिइन्। उनलाई जिल्ला अस्पताल जाजारकोट लगिएको थियो। उनलाई डाक्टरहरुले मृत घोषणा गरेका थिए। चट्याङ लागेर घर नजिकै बाधेको एक भेडा समेत मरेको छ।

यसैबीच जाजरकोटमा अरिङ्गालले टोकेर एकजना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा बारेकोट गाउँपालिका-५ पाखा गाँउ बस्ने वर्ष ४२ का पृथ्वी बिक्रम शाही रहेका छन्। शुक्रबार राति घर नजिकै ग्राजको रुखमा अरिङ्गाल पोल्न गएको अवस्थामा अरिङ्गालले टोकेर शाही घाइते भएका थिए।

घाइते शाहीलाई उपचारको लागि स्थानीय र प्रहरी टोलीले स्ट्रेचरमा बोकी स्वास्थ्य चौकी लिम्सा जाजरकोटमा ल्याएकोमा उपचार सम्भव नभएपछि नगर अस्पताल दल्लीमा पठाइएको थियो। दल्ली अस्पतालमा ल्याएर चेकजाँच गर्दा डाक्टरले शनिबार शाहीलाई मृत्यु घोषणा गरेको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जनाएको छ।

# सप्तरीमा निःशुल्क स्वास्थ्य शिविरः १ सय ४ जनाको स्वास्थ्य परीक्षण

**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, २९ भदौ

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं. २ दिघियामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। विश्वेश्वर यादव (डाडो)को छैठो स्मृति दिवसको अवसरमा शिविर सम्पन्न भएको हो।

विश्वेश्वर यादव स्मृति प्रतिष्ठानको आयोजना तथा बलान बिहुल गाउँपालिकाको संयोजनमा कार्यक्रम सम्पन्न भएको छ।

शिविरमा छिन्नमस्ता अस्पतालका वरिष्ठ चिकित्सक डा. विजय गुप्ता र डा. रमेश यादवको नेतृत्वमा चिकित्सकहरुको टोलीले १ सय ४ जना बिरामीहरुको स्वास्थ्य जाँच गरी निःशुल्क औषधि वितरण गरेको हो। कार्यक्रम प्रतिष्ठानको अध्यक्ष नागेश्वर यादवको अध्यक्षता र बलान बिहुल गाउँपालिकाको प्रमुख खेमचन्द्र यादवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य वृद्धिलाल यादव, जनमत पार्टीका नेता राजकुमार साह, पंडित शिवराम यादव, ललित कुमार यादव, बजरंगी यादव, बिरेन्द्र कुमार चौधरी, विजय यादव, उपमेयरको स्वकीय सचिव महिन्द्र यादव लगायतका उपस्थिति रहेको प्रतिष्ठानका अध्यक्ष यादवले जानकारी दिए।

**VACANCY ANNOUNCEMENT**

China Greatwall Health Center (Hospital) Pvt. Ltd. required national and international candidates having knowledge of followint expertise:

**Doctor - Surgery (Minimal Invasive Surgery)**

- At list 10 years experience of related field.
- Registered in his/her country of Medical council.
- Expert candidate can be apply.
- Selected candidate will inform.

Deadline of submission of Application is 15 days of Announcement. 15 sept. to 30 sept 2024.

**Email : greatwallchina0@gmail.com**

मध्यान्ह
www.madhyanhadaily.com



# जापानिज इन्सेफ्लाइटिसको बढ्दो संक्रमण

**काठमाडौं/मस**–जापानिज इन्सेफ्लाइटिसको संक्रमणबाट १४ जनाको मृत्यु भएको छ। स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमले जापानिज इन्सेफ्लाइटिसले अहिलेसम्म १४ जनाको मृत्यु भएको बताए।

डा.गौतमका अनुसार अहिलेसम्म ६१ जनालाई जापानिज इन्सेफ्लाइटिसको संक्रमण देखिएको छ। ती सबैको नमूना परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको थियो। उनले भदौ १५ देखि असोज १५ सम्म जापानिज इन्सेफ्लाइटिस्को उच्च जोखिम रहेकाले सजकता अपनाउन आग्रह गरे। सामान्यता साउनदेखि कात्तिकसम्म जापानिज इन्सेफ्लाइटिस देखिन्छ तर जापानिज इन्सेफ्लाइटिस सार्ने पोथी प्रजातिको 'क्युलेक्स' लामखुट्टेले पानी जम्ने र फुल पार्ने भएकाले असोज १५ गतेसम्म जोखिम नै रहेको डा.गौतमको भनाइ रहेको छ।



महिनामा धान खेतमा जम्मा हुने पानीमा ती प्रजातिका लामखुट्टेले फुल पार्ने र ती फुलबाट लामखुट्टेले सुँगुर र हाँसलाई टोकेर आफूमा संक्रमण सार्दछन् र ती संक्रमित लामखुट्टेले मानिसलाई टोकेपछि रोग सार्ने गर्दछ।

'क्युलेक्स' लामखुट्टेले फोहर पानीमा फुल पार्ने गर्दछ। जापानिज इन्सेफ्लाइटिस् 'क्युलेक्स' प्रजातिको लामखुट्टेले टोकेको ६ देखि १६ दिनसम्म लक्षण देखापर्ने डा.गौतमले बताए। सरकारले सन् २०१६ देखि नै जन्मेको १२ महिनाका बालबालिकालाई जापानिज इन्सेफ्लाइटिस् विरुद्धको खोप दिँदै आएको छ। सन् १९९९ देखि २००६ सम्म केही उच्च जोखिम भएका जिल्लामा खोप दिए पनि पछि जन्मेका सबै बालबालिकालाई उक्त संक्रमणबाट जोगाउन खोप दिँदै आएको छ। शाखा प्रमुख डा.गौतमले १२ महिनामा छुट भएका बालबालिकालाई पाँच वर्षसम्म खोप दिइने जानकारी दिए। जापानिज इन्सेफ्लाटिस् धेरै जसो १५ वर्षमुनिका बालबालिकामा हुने गर्दछ।

लामखुट्टेले टोकेपछि बेस्सरी टाउको दुख्ने, उच्च ज्वरो आउने, पक्षघात हुने, घाँटी कडा हुने, कम्पन हुनेजस्ता समस्या देखिने गर्दछ। लमखुट्टेको टोकाइबाट बच्न झूल टाँगेर मात्र सुत्ने, हाँस, कुखुरा, सुँगुरजस्ता घरपालुवा जनावरलाई घरदेखि टाढा राख्ने, घरबाहिर निस्कँदा वा खेतबारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाउने, घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकाले घर वरिपरि पानी जम्न खाल्डाखुल्डी पुर्ने, लामखुट्टे भगाउने धूप बाल्ने वा मलम लगाउनुपर्दछ।

# माविं कर्कच गुठीको व्यवस्थापन समितिमा साह कानूको प्यानल विजयी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ भदौ



जिल्लाको देवाही गोनाही नगरपालिका-६ मा रहेको श्री माध्यमिक विद्यालय कर्कच गुठीको विद्यालय व्यवस्थापन समितिको सदस्य पदका लागि भएको निर्वाचनमा हरेन्द्र साह कानूको प्यानल विजयी भएको छ। चार जना सदस्य पदका लागि शुक्रबार भएको निर्वाचनमा हरेन्द्र साह कानू २०१ मत प्राप्त गरि विजयी भएका हुन्।

साहका निकटतम प्रतिद्वन्द्वी पप्पु कुमार यादव ५१ मतले पराजित भएका छन्। यादवले कुल १५० मत प्राप्त गरेका थिए। त्यस्तै साहको प्यानलबाट उम्मेदवारी दिएका रीना कुमारी दास २१६, किशोरी प्रसाद कुर्मी २१० र नितु कुमारी जयसवालले २१८ मत प्राप्त गरी विजयी भएका छन्। पप्पु कुमार यादवको प्यानलबाट उम्मेदवारी दिएका समिता कुमारी कुशवाहाले १६०, काजल कुमारी झाले १६१ र बिनोद कुमार यादव (सुनील) ले १४० मत तथा स्वतन्त्र उम्मेदवार राकेश ठाकुर लोहारले ३७ मत ल्याएका छन्।

श्री माध्यमिक विद्यालय कर्कच गुठीको व्यवस्थापन समितीको नयाँ नेतृत्व चयनका लागि शुक्रबार बिहान ८:३० बजेदेखि मतदान शुरु भई ४ बजे सम्पन्न भएको थियो। मतगणना कार्य साँझ ४:३० बजेदेखि शुरु गरिएको थियो। अन्तिम मत परिणाम राती सार्वजनिक भएको थियो। निर्वाचनमा हरेन्द्र साह र पप्पु यादव पक्षबीच निकै कडा प्रतिस्पर्धा भएको थियो। निर्वाचनमा चार जनाबाट नै कोही एकजना अध्यक्ष बन्ने मतदान अधिकृत जिल्ला शिक्षा समन्वय समिति रौतहटको वि.नि.उपेन्द्र सिंहले जानकारी दिए।

# बाल दिवसको अवसरमा वीरगञ्जमा प्रभातफेरी र सडक नाटक प्रदर्शन

**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २९ भदौ

६०औं राष्ट्रिय बाल दिवस शनिबार वीरगञ्जसहित देशैभर विविध कार्यक्रम गरी मनाइएको छ। 'बालबालिकामा लगानी, सुरक्षित भविष्यको थालनी' भन्ने नारासहित दिवसका अवसरमा वीरगञ्जमा प्रभातफेरी निकाल्नुका साथै सडक नाटक प्रदर्शन गरिएको छ।वीरगञ्जको घण्टाघरबाट शुरु भएको प्रभातफेरी माइस्थान चोक, आदर्शनगर, घडिअर्वा हुँदै पुनः घण्टाघर आएर सभामा परिणत भएको थियो। प्रभातफेरीमा सहभागीहरुले 'बाल संरक्षण, बालबालिकाको अधिकार, कसैले पनि नगरौं दुर्व्यवहार', 'सुनिश्चित बाल अधिकार, समृद्ध नेपालको आधार', 'सुखी नेपाल, समृद्ध नेपाल, बाल अधिकार सबैको सरोकार'लगायतका नारा अंकित प्लेकार्ड समेत बोकेका थिए।




प्रभातफेरीपछि आयोजित सभालाई सम्बोधन गर्दै वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बालबालिकाको शिक्षा, स्वास्थ्यलगायतका अधिकार सुनिश्चित गर्ने कार्यलाई आफूहरुले प्राथमकितामा राखेर योजना बनाउनुका साथै काम गरिरहेको बताए।

पढ्ने अवसरबाट कुनै पनि बालबालिका बञ्चित हुन नपरोस् भन्ने कुरामा आफूहरु सचेत रहेको उल्लेख गर्दै उनले लक्षित वर्ग केन्द्रित छात्रवृत्ति, दिवा खाजा र विद्यार्थीमैत्री पाठ्यक्रमको व्यवस्था गर्ने नीति अंगिकार गरिएको समेत बताए। यस्तै महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले बालबालिकाको क्षेत्रमा गरिने लगानीले राष्ट्रकै भविष्य निर्धारण गर्ने हुँदा त्यसमा वीरगञ्ज महानगरपालिकाले निरन्तर लगानी गर्दै आएको बताए। बालबालिकाविरुद्धका हिंसा, दुर्व्यवहार, शोषणलगायत बालविवाहजस्ता कूप्रचलनका घटनाहरु पूर्णरुपमा न्यूनीकरण गर्दै वास्तविक बाल अधिकार प्रवर्द्धन गर्नुपर्ने दायित्व सबैको काँधमा रहेको बताउँदै उनले त्यसका लागि सबैसँग वीरगञ्ज महानगर हातेमालो गर्दै अघि बढ्न तयार रहेको बताए। उनले स्वास्थ्य तथा शिक्षामा बालबालिकाको पहुँच वृद्धि गर्दै उनीहरुको शैक्षिक अधिकार सुनिश्चित गर्न माध्यमिक तहसम्मको शिक्षा प्राप्तिमा महानगरले निःशुल्क व्यवस्था मिलाएको पनि बताए।

कार्यक्रममा लागुऔषध दुर्व्यसन र बालविवाहका बारेमा सचेतना फैलाउन सडक नाटक समेत बालबालिकाहरुले प्रदर्शन गरेका थिए। वीरगञ्ज महानगरपालिकाको आयोजना तथा टिपिओ नेपाल, आवर संसार र लाइफ नेपालको सहकार्यमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा वडा नं. ४ का वडाअध्यक्ष जगत साह कानु, माइती नेपालकी गोमा पौडेल, सामाजिक अभियन्ता अनिषकान्त कुशवाहालगायत बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न संघसस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

दिवसकै अवसरमा आइतबार महानगरका प्रमुख र उपप्रमुखसँग बालबालिकाको अन्तरसंवाद कार्यक्रम राखिएको महानगरको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी प्रमुख रन्जना पण्डितले जानकारी दिइन्। नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धिलाई २०४७ साल भदौ २९ गते अनुमोदन गरेको थियो। सोही दिनको स्मरणमा हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाइँदै आएको छ।

# रामग्रामद्वारा बाल दिवसको अवसरमा वक्तृत्वकला प्रतियोगिता आयोजना

**युवराज पुन/मध्यान्ह**
नवलपरासी, २९ भदौ

रामग्राम नगरपालिकाले वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको छ। ६० औं राष्ट्रिय बाल दिवसका अवसरमा सो नगरपालिकाले वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको हो।

नगरप्रमुख धनपत यादवको अध्यक्षतामा आयोजना गरिएको वक्तृत्वकला प्रतियोगितामा १४ विद्यालयका विद्यार्थीले भाग लिएका थिए।



प्रतियोगितामा आदर्श माध्यमिक विद्यालय परासीका सुरज चमारले प्रथम स्थान हासिल गरेका छन्। त्यसैगरी नेपाल होलि चाइल्ड रामग्रामकी सृजना पाठकले द्वितीय, लिटिल एन्जल्स इंगलिस बोर्डिङ स्कुलका मनिस यादवले तृतीय र सन्ध्या उपाध्यायले सान्त्वना स्थान हासिल गरेका छन्।

प्रतियोगिताकामा प्रथम हुनेलाई ५ हजार, द्वितीयलाई तीन हजार, तृतीयलाई २ हजार र सान्त्वना स्थान हासिल गर्नेलाई १ हजार नगद पुरस्कार प्रदान गरिएको थियो।

मनोसामाजिक सहजकर्ता सुमित्रा चौधरीले सञ्चालन गरेको कार्यक्रममा महिला तथा बालबालिका शाखाकी प्रमुख तारा अर्यालले स्वागत मन्तव्य राखेकी थिइन्।

प्रतियोगिता रामग्राम नगरपालिकाको सभाहलमा भएको थियो। बालमैत्री स्थानीय शासनकी राष्ट्रिय सहजकर्ता शर्मिला पौडेलले बाल अधिकारसम्बन्धी प्रशिक्षण दिएकी थिइन्।

# गाईघाटमा एकीकृत समाजवादीको सन्देश सभा

**उदयपुर/मस**–नेकपा (एकीकृत समाजवादी) कोशी प्रदेशको सन्देश सभा उदयपुरको गाईघाटमा सम्पन्न भएको छ। एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा १०औं महाधिवेशनपछि पहिलो सन्देश सभा उदयपुरमा सम्पन्न भएको हो।

कार्यक्रममा एमाले, नेपाली कांग्रेस, जसपा, माओवादी र स्वतन्त्र नागरिकहरूसमेत गरी ५ सय ४६ जना एकीकृत समाजवादी प्रवेश गरेको उपाध्यक्ष जगन्नाथ खतिवडाले बताए। पार्टी अध्यक्ष नेपाल, पार्टीका वरिष्ट नेता घनेन्द्र बस्नेत, उपाध्यक्ष जयन्ती राई, जगन्नाथ खतिवडा, सचिव वलदेव चौधरीलगायतका नेताहरूले नव प्रवेशीहरूलाई पार्टीमा स्वागत गरेका थिए। उदयपुरमा शनिबार नै




कोशी प्रदेशबाट चुनिएका केन्द्रीय सदस्यहरूको भेला आयोजना गरिएको छ। भेलाले प्रदेशको पार्टी रणनीतिक विषयहरूमा छलफल गरी महत्वपूर्ण योजनाहरूमा ध्यान केन्द्रीत गर्ने बताइएको छ।

पार्टीमा कार्यविभाजन भइनसकेकोले अस्थायीरुपमा कोशीको इन्चार्जको रुपमा सचिव खतिवडालाई जिम्मेवारी प्रदान गरिएको छ।

सन्देश सभाको अध्यक्षता जिल्ला अधक्ष विनोद खडका र सञ्चालन पशुपति कुमारी चौधरीले गरेका थिए। कार्यक्रममा करिब २ हजार नेता कार्यकर्ताहरूको सहभागिता रहेको थियो।

# डडेल्धुरामा दुई जनाको मृत्यु

**मानबहादुर साँउद/मध्यान्ह**
डडेल्धुरा, २९ भदौ

डडेल्धुरामा दुई जनाको मृत्यु भएको छ। दुई दिन देखिको लागातार वर्षाको कारण खोलामा आएको बाढीले बगाएर जिल्लाको परशुराम नगरपालिका-८ धनुकेकी १५ वर्षीया प्रतिभा धामीको मृत्यु भएको हो। उनको श्री बैजनाथ माध्यमिक विद्यालयमा ट्युसन पढ्न जाने क्रममा सोही स्थानको जमरानी खोला तर्ने क्रममा खोलाले बगाएर उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय जोगबुढाले जनाएको छ।

यस्तै जिल्लाकै गन्यापधुरा गाउँपालिका-३ की २१ वर्षीया विमला घरमै मृत फेला परेकी डडेल्धुरा जिल्लाका प्रहरी प्रमुख बिपिन कार्कीले जानकारी दिए। देउवाको मृत्युको कारण नखुलेकाले यसबारे अनुसन्धान भइरहेको प्रहरी प्रमुख बिपिन कार्कीले बताए।

# बाँकेमा रगतको चरम अभाव, जनमतद्वारा रक्तदान

**मध्यान्ह संवाददाता**
नेपालगञ्ज, २९ भदौ

बाँकेका जिल्लामा रगतको चरम अभाव भएको छ। यस्तो अवस्थामा नेपाल रेडक्रस सोसाइटीद्वारा नेपालगञ्जमा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रमा रगतको मागको तुलनामा रगतको स्टक एकदमै सीमित देखिएको हो।

केन्द्रका अनुसार आजकल विभिन्न रगत समूहका ४०/५० पिन्ट मात्र रगत स्टक भएकोले बिरामीका आफन्तहरुलाई नै रक्तदान गर भन्ने अवस्था छ।

स्वास्थ्य उपचारका लागि पश्चिम नेपालकै प्रमुख केन्द्रमा रहेको उक्त नेपालगञ्ज केन्द्रबाट वार्षिक करिब २० हजार रगतको माग र खपत हुने गरेको छ। प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीका अनुसार गत आर्थिक वर्षमा १९ हजार ९ सय ९३ पिन्ट रगत वितरण गरिएको थियो। यही बेला विगत ४३ वर्षदेखि नियमित रुपमा प्रकाशित र रजत वर्ष-२०६३ देखि 'रक्तदान जीवनदान'को उद्देश्यका साथ नियमित रुपमा सञ्चालित 'त्रैमासिक रक्तदान कार्यक्रम'को ६१ औं श्रृङ्खलामा शुक्रबार आयोजित रक्तदान कार्यक्रममा ३ जना महिलासहित ४० जनाले रक्तदान गरेका छन्।

रगतको चरम अभाव भइरहेको हुँदा जनमत अर्द्ध साप्ताहिक पत्रिकाले निकट भविष्यमा वृहत् रक्तदान कार्यक्रमको आयोजना गर्ने सोंच बनाएको पत्रिकाका सम्पादक पूर्ण लाल चुकेले बताए। यसैबीच जनमत अर्द्ध साप्ताहिक पत्रिका र ग्रेस एण्ड ग्लोबल ट्रेडिङ प्रा.लि.को संयुक्त आयोजना तथा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेको समन्वयमा सम्पन्न सो त्रैमासिक रक्तदान कार्यक्रममा पत्रकार, व्यवसायी,



शिक्षक, स्वास्थ्यकर्मी लगायत नियमित स्वयम्सेवी रक्तदाता ३ जना महिला सहित ४० जनाले रक्तदान गरेका छन्।

नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह, ग्रेस एण्ड ग्लोबल ट्रेडिङ प्रा.लि का अध्यक्ष महादेव सिंह ठकुरी र जनमत अर्द्ध साप्ताहिकका सम्पादक पूर्णलाल चुकेले संयुक्त रुपमा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, प्राविधिकहरु सोम प्रकाश सापकोटा र होमराज गिरीलाई रगत संकलन गर्ने पाकेट हस्तान्तरण गरी कार्यक्रम शुरु गरिएको थियो। जनमतको रजत वर्ष-२०६३ देखि 'रक्तदान जीवनदान' को उद्देश्यका साथ नियमित रुपमा सञ्चालित 'त्रैमासिक रक्तदान कार्यक्रम' को ६१ औं श्रृंखलामा रक्तदान गर्नेहरुमा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह, राप्तीसोनारी गाउँपालिका वडा नं.६ का वडाध्यक्ष लवराज खरेल, नेपाल स्वयम्सेवी रक्तदाता समाज राप्ती सोनारी उपशाखाकी उपाध्यक्ष अमृता केसी, अन्नपूर्ण पोष्ट दैनिकका प्रदेश प्रमुख तथा मेरो खुशी डट कमका सम्पादक शंकर प्रसाद खनाल, पत्रकार खम्ब प्रसाद पुन, साहित्यकार असफाक संघर्ष जसगढ, नियमित स्वयम्सेवी रक्तदाताहरु नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेका कोषाध्यक्ष मनमोहन वर्मा, सदस्य होमराज गिरी, लक्ष्मण कुमार वैश्य, निरजमान श्रेष्ठ, दिनेश प्रसाद तमोली, गौतम प्रसाद पौडेल, विनोद कुमार वैश्य, पवनकुमार वैश्य, राम सोहन सोनकर र सुर्खेत वीरेन्द्रनगरका विद्यार्थी समन्त भद्र शाक्यले रक्तदान गरेका थिए।

त्यसैगरी नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपालगञ्ज उपमहानगरपालिकाका उपाध्यक्ष विष्णु प्रसाद खनाल, धर्मेन्द्र कुमार वर्मा, मनिष श्रेष्ठ, स्वास्थ्यकर्मीद्वय टिकाराम खनाल, जवाहर लाल वर्मा, राम कुमार बढही, रवि परियार, सुष्मिता शाह, विशाल सन्तोषी, उमेश थारु, आशीष थारु, राम कुमार बढही, शिवलाल थारु, भगवान शरण यादव, रुस्तम अली दर्जी, दिवाकर पौडेल, दिपेन्द्र उपाध्याय, अमिथ बोहराले रक्तदान गरेका थिए। यस्तै ग्रेस एण्ड ग्लोबल ट्रेडिङ प्रा.लि.का सञ्चालक तथा कर्मचारीहरु विवेक पराजुली, रुपेश चौधरी, दिपक कुमार हरिजन, वाहिद अलि हलवाई, राजेन्द्र थारु, इसराफील साई, प्रणित थापाले पनि रक्तदान गरेका थिए।

सो अवसरमा रक्तदाताहरुलाई ग्रेस एण्ड ग्लोबल ट्रेडिङ प्रा.लि.का अध्यक्ष महादेव सिंह ठकुरी र सञ्चालक रण बहादुर शाहीले रक्तदान लेखिएको टि-सर्त वितरण गरेका थिए।

कार्यक्रम संयोजक शतक रक्तदाता पवन जायसवालका अनुसार सो कार्यक्रममा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा सोम प्रसाद सापकोटा, होमराज गिरी, सञ्जय बढही, वीरेन्द्र योगी र महेश सञ्ज्यालले प्राविधिक र अन्यमा निखिल जायसवालले रक्तदान कार्यक्रममा सहयोग गरेका थिए।

सो कार्यक्रममा नेपालगञ्ज उद्योग वाणिज्य संघका सदस्य कमल कार्की, नेपालगन्ज औद्योगिक क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष किरण कार्की लगायतको सहभागिता रहेको थियो। स्वास्थ्य विज्ञानका अनुसार नियमित रक्तदान गर्ने पुरुषहरुमा हुनसक्ने आइरन ओभर लोड कम हुने र हृदयाघात हुने सम्भावना ८८ प्रतिशत कम हुन्छ। आइरन बढी हुने भएकोले नियमित रक्तदान गर्ने पुरुषहरुमा मधुमेह र क्यान्सर रोग हुने सम्भावना कम हुन्छ। त्यसैगरी रक्तदान गरेपछि शरीरमा नयाँ रक्त कोशिकाहरु बन्ने हुँदा रक्त प्रणाली पुनर्ताजगी हुन्छ र रक्तदान गरे जति रगतको मात्रा ४ साता भित्र तयार हुने हुँदा हरेक तीन महिनाको फरकमा रक्तदान गर्दा शारीरिक रुपमा पनि स्फुर्ती आउने गर्छ।

मध्यान्ह
www.madhyanhadaily.com
३० भदौ २०८१, आइतबार
15 September 2024, Sunday

सम्पादकीय

## चौधरीको निन्दनीय अभिव्यक्ति

प्रतिनिधि सभा सदस्य एवं नेकपा एकीकृत समाजवादीका उपमहासचिव मेटमणि चौधरीले आफ्नो अभिव्यक्तिलाई विवादित बनाउन खोजिएको प्रष्टिकरण दिएका छन् । पार्टी महासचिव घनश्याम भूसालले सोधेको स्पष्टिकरणको जवाफमा चौधरीले प्रेस बक्तव्य जारी गरी आफूले गलत नबोलेको दाबी गरेका छन् । महाकाली सन्धी गर्दा 'लिपुलेक, लिम्पियाधुरा र कालापानीमा भारतको दावी पुग्ने' अभिव्यक्ति दिएको र त्यो गलत नभएको प्रष्टिकरण दिएका छन् । यद्यपि २०१५ सालको चुनावमा त्यहाँ नागरिकले मतदान गरेको र तिरो तिरेकाले उक्त भूमि नेपालकै भएको उनको बक्तव्यमा उल्लेख छ । तर महाकाली नदी आधाआधा भन्ने महाकाली सन्धीका कारणले लिपुलेकमा भारतको दावी पुग्ने तर्क उनको प्रेष्टोक्ति प्रेस बक्तव्यमा उल्लेख गरिएको छ ।


प्रेस बक्तव्यको भाषा हेर्दा चौधरी आफ्नो अभिव्यक्ति सच्याउन अथवा माफी माग्न तयार छैनन् । जबकी उनी पदाधिकारी रहेकै पार्टीको स्पष्टिकरणपत्रमा समेत चौधरीको अभिव्यक्तिप्रति आपत्ति प्रकट गरिएको छ । संविधानको अंग बनिसकेको भूमिमा भारतको दावी पुग्ने चौधरीको अभिव्यक्तिप्रति आपत्ति प्रकट गरेरै तीनदिने स्पष्टिकरण सोधिएको छ । तर त्यो स्पष्टिकरणलाई चौधरीले गम्भीतारपूर्वक लिएको देखिएन । महाकाली सन्धीलाई दोष थोपरेर आफ्नो अभिव्यक्तिप्रति विश्वास गर्नुले उनी यो विषयलाई गम्भीर रूपमा लिन नचाहेकै पुष्टि हुन्छ । उनले त्यस्तो गम्भीर अभिव्यक्ति दिनु र गल्ती सच्याउन तयार नहुनुमा निकट विगतको पृष्ठभूमि कारण देखिन्छ । किनकि लिम्पियाधुरा सहितको भूमि समेटेर नक्सा जारी गर्ने निर्णयका जस प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी शर्मा ओलीले लिन खोजिरहेका छन् ।

एमालेबाटै फुटेर बनेको एकीकृत समाजवादीमा चौधरी उपमहासचिव छन् । भर्खरै छोडेको पार्टी भएकाले कुनैपनि कामको श्रेय एमाले र त्यसको नेतृत्वलाई लिन चौधरी तयार छैनन् । राजनीतिक दृष्टिकोण हेर्दा चौधरीको मनसाय स्वभाविक देखिन्छ । किनकि एमालेले लिएको निर्णयलाई सही भनेर एकीकृत समाजवादी बन्नेवाला छैन, चौधरीले पार्टी विभाजनको औचित्य पुष्ट गर्न सक्दैनन् । त्यसैले ओली नेतृत्वको सरकारले गरेका निर्णयप्रति फरक मत राख्नु चौधरीको राजनीतिक पोजिसन नै हो । तर त्यसो भन्दैमा मुलुकको सार्वभौमिकता र भौगोलिक अखण्डताविरूद्ध अभिव्यक्ति दिनु निन्दनीय हो । यो विषयमा स्पष्टिकरण लिने एकीकृत समाजवादीको निर्णय सही छ । तर त्यसको जवाफमा सांसद चौधरीले जस्तो भाषा प्रयोग गरेका छन्, त्यो सही होइन । अझ गल्ती महशुस नगरी लिम्पियाधुरामा भारतको दाबी पुग्ने अभिव्यक्ति एउटा सांसदका रूपमा बोलिने भाषा होइन । यसप्रति उनी स्वयंले सोच्न, गम्भीर बन्न र उपयुक्त निर्णय लिन जरूरी छ ।

# बहसमा वैधानिक गाँजा खेती

*गाँजा खेतीलाई वैधानिकता गरिएमा एकातर्फ सहजै ठूलो रोजगारी सिर्जना गराउन सकिन्छ भने अर्कोतर्फ उक्त खेतीबाट यहाँको अर्थतन्त्रमा पनि ठूलो योगदान पुर्‍याउन सकिन्छ ।*

अग्रलेख



● के.बी. बस्नेत

औषधीय प्रयोग, मनोरञ्जन र अन्य कामका लागि विश्वमा शताब्दी औं अघिदेखि गाँजा खेती प्रयोगमा ल्याइएको बोध हुन्छ । पछि यसलाई नशालु पदार्थको रूपमा अङ्गीकार गरी केही देशहरूमा प्रतिबन्ध लगाइयो । गाँजाको पात, फूल र रेसाबाट धेरै आर्थिक लाभ प्राप्त गर्न सकिन्छ । हाल पनि नेपालबाट हेम्पबाट बनेका सामान निर्यात गरिन्छ । यी सामानहरू तयार गर्ने दर्जनौं संस्थाहरू यहाँ रहेका छन् । तर, यहाँ गाँजा खेती गर्नु अवैधानिक भएकोले यी संस्थाहरूले कच्चा पदार्थको लागि चीन तथा अन्य देशहरू माथि भर पर्नु परेकोले बेला-बेलामा समस्या भोग्नुपरेको छ ।

वस्तुतः गाँजाको रेसाबाट बनाइएको कपडा अन्य कपडाभन्दा महँगो हुन्छ । परन्तु, यो कपडा धेरै टिक्ने हुनाले मागअनुरूप वितरण गर्न सकिएको छैन । केही विकसित देशहरूको अनुभवबाट गाँजा खेतीबाट प्रशस्त आम्दानी गर्न सकिने कुरा प्रस्ट भएको छ । तसर्थ, नेपाल सरकारले पनि आवश्यक कानुनी व्यवस्था मिलाई उक्त खेतीमा लगाएको प्रतिबन्ध फुकाउनु आवश्यक छ । परन्तु, यससम्बन्धी काम अझसम्म पनि अगाडि बढाउन सकिएको छैन ।

संसदीय समितिले गाँजा खेतीसम्बन्धी ऐन बनाउने भनिए पनि सरकारले हालसम्म पनि यसको मस्यौदा बनाउने काम अगाडि बढाउन सकेको छैन । यद्यपि, संसदमा गैरसरकारी विधेयकको दर्ता गरिएको छ । वास्तवमा उक्त खेतीबाट यथाशीघ्र फाइदा प्राप्त गर्न वर्तमान सरकारको विशेष चासोको खाँचो छ ।

नेपालमा गाँजाको प्रतिबन्ध लगाउनु अघि यहाँको आर्थिक लाभको लागि यसको प्रयोग गरिन्थ्यो । हाल पनि यहाँका ग्रामीण क्षेत्रमा यसबाट कपडा, झोलालगायत अन्य वस्तुहरू उत्पादन गरी आयआर्जन गरिन्छ ।

वस्तुतः गाँजाका विभिन्न प्रजातिहरू हुन्छन् । जसमध्ये केही मात्र नशालु हुन्छन् । विशेषतः आयुर्वेदिक औषधीहरूमा यसको प्रयोग प्रचुर मात्रामा गरिन्छ । नेपालमा पनि आयुर्वेदिक औषधीहरूमा यसको प्रयोग गरिन्छ । गाँजाबाट तेल उत्पादन गरिन्छ । जुन महँगो हुन्छ । यो हाड जोर्नी दुखेको बेला प्रयोग गरिन्छ । गाँजा खेतीबाट धेरै आर्थिक लाभ प्राप्त गर्न सकिन्छ । तसर्थ, आजकाल विश्वका धेरै देशहरूमा यसको खेती गर्न प्रश्रय दिन थालिएको छ । कुनै समय गाँजा खेतीको प्रतिबन्ध लगाउन अग्रसर संयुक्त राज्य अमेरिका हाल यसको प्रतिबन्ध हटाई आर्थिक लाभ गर्न सफल भएको छ । यसैगरी, क्यानडाले पनि यसको खेतीबाट केही आम्दानी गर्न थालेको छ ।

नेपालमा गाँजा खेतीको इतिहासबारे खोजी गर्दा यहाँ धेरै वर्षअघिदेखि गाँजा खेती गरेको पाइन्छ । काठमाडौँस्थित सिंहदरबार वैद्यखानामा उत्पादित आयुर्वेदिक औषधीहरूमा प्रयोग गरिएको पाइन्छ । यति मात्र नभई काठमाडौँको ठमेल र झोछेँमा अवस्थित होटेल, गेस्ट हाउस, लज र रेष्टुराहरूमा गाँजाका विभिन्न परिकारहरू तयार गरी विदेशी पर्यटकहरू आकृष्ट गरिन्थ्यो । यसको केही वर्षपछि मात्र यहाँ गाँजाको खेती एवम् प्रयोग गर्न गैर कानुनी मान्न थालियो । वास्तवमा लागु औषधीसम्बन्धी विश्वव्यापी सन्धिलाई नेपालले समर्थन गरेपछि यहाँका ग्रामीण क्षेत्रमा गरिँदै आएको गाँजा खेतीलाई गैर कानुनी मान्न थालियो ।

नेपालमा गाँजालाई लागू पदार्थको रूपमा वर्गीकरण गरिएकोले यहाँ खेती गर्न निषेध गरिएको हो । यद्यपि, यहाँका केही ग्रामीण क्षेत्रमा हालसम्म पनि यसको खेती लुकिछिपी गरिन्छ । जुन कुरा प्रहरीहरूले उक्त क्षेत्रमा उक्त बाली बेलाबेलामा नष्ट गरेको खबरबाट प्रस्ट हुन्छ । वस्तुतः लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(१) अनुसार नेपालको पश्चिमी पहाडी भेगमा प्राकृतिक रूपमा आफै उम्रने गाँजाको बोटबाट तोकिएको अवधिसम्मको लागि चरेस उत्पादन, संकलन, सञ्चित गर्ने र खरिद-बिक्री गर्ने सम्बन्धमा नेपाल सरकारले नियम बनाई उपयुक्त व्यवस्था गर्न सक्नेछ । जसअनुसार अनुमति प्राप्त गरी कसैले कुनै काम गर्दा उक्त दफाअन्तर्गत अपराध गरेको मानिने छैन । यसबाट गाँजासम्बन्धी अनुसन्धानमा सघाउ पुग्नेछ ।



*केही विकसित देशहरूको अनुभवबाट गाँजा खेतीबाट प्रशस्त आम्दानी गर्न सकिने कुरा प्रस्ट छ । तसर्थ, नेपाल सरकारले पनि आवश्यक कानुनी व्यवस्था मिलाई उक्त खेतीमा लगाएको प्रतिबन्ध फुकाउनु आवश्यक छ । यद्यपि, यससम्बन्धी काम हालसम्म पनि अगाडि बढ्न नसक्नु बिडम्बना नै हो ।*

यसैलाई आधार मानी हालसालै गृह मन्त्रालयले तत्काल अध्ययन अनुसन्धानका लागि मन्त्रिपरिषद्बाट निर्णय गरी गाँजा खेतीसम्बन्धी नियम बनाउने भएको छ । जसलाई आधार मानेर उक्त खेतीसम्बन्धी अनुसन्धान कार्य गर्ने भएको छ । गाँजाको औषधीजन्य प्रयोगको लागि गर्नुपर्ने अनुसन्धानका लागि नियम तथा नियमावली बनाई अगाडि बढ्न गृह मन्त्रालयले अवरोध गर्ने छैन । यसबाट पनि गाँजाको औषधीय प्रयोगसम्बन्धी अनुसन्धानमा टेवा पुग्नेछ ।

यथार्थता ४० देखि ८ हजार ८ सय ४८ मिटर उचाइमा अवस्थित नेपालमा विद्यमान हावापानीमा विभिन्न किसिमका खेती गर्न सकिन्छ । यहाँ उपयुक्त कानुनी व्यवस्था गरी गाँजा खेती गरिएमा भविष्यमा निकै नै आर्थिक लाभ प्राप्त गर्न सकिनेछ । वर्तमानमा नेपालका धेरै व्यक्तिहरूले गाँजा खेतीलाई वैधानिकता प्रदान गर्न माग गरेका छन् भने थोरैले मात्र यसको विरोध गरेका छन् । परन्तु, यहाँको नीति अनुसन्धान प्रतिष्ठानले उक्त खेतीलाई नियन्त्रित वैधता दिन सरकारलाई सिफारिस गरेको छ । जुन निःसन्देह स्वागतयोग्य छ ।

गाँजा खेतीबाट हानिभन्दा लाभ बढी हुने भएकोले यसको खेतीमा प्रतिबन्ध हटाई औषधीय प्रयोगको लागि बाटो खुलाउन आवश्यक भएकोले उक्त प्रतिष्ठानले वर्तमान सरकारलाई सकारात्मक सुझाव दिएको छ । अतः यसलाई यथाशीघ्र व्यवहारमा उतार्न जरुरी भएकोले सम्बन्धित पक्षको ध्यान कृष्ट हुनुपरेको छ । नेपालमा प्रत्येक वर्ष झन्डै पाँच लाख युवाहरू श्रम बजारका लागि तयार हुन्छन् । तर, यिनीहरूमध्ये थोरैले मात्र यहाँ रोजगारी पाउँछन् । बाँकी सबै रोजगारीका लागि विदेश जान बाध्य छन् । वस्तुतः यहाँ रोजगारीको मुख्य क्षेत्र कृषि हो । परन्तु, हालसम्म पनि यस क्षेत्रमा आवश्यक रोजगारीको व्यवस्था गर्न सकिएको छैन । बरु उपयुक्त समयमा मलजलको कमी, बढ्दो दैवी प्रकोप आदिको कारण यस क्षेत्रमा युवाहरूको आकर्षण घट्दो क्रममा छ ।

धेरै वर्ष अघिदेखि यहाँका केही जिल्लाहरूमा घरेलु तथा साना उद्योगहरू सञ्चालनमा आए पनि बेला-बेलामा कच्चा पदार्थ तथा बजारको अभावको कारण सुचारु गर्न कठिन भएकोले यहाँका युवाहरूको ध्यान कृष्ट हुन सकेको छैन । तत्कालीन सरकारले यहाँका २० लाख युवाहरूलाई स्वदेशमै रोजगारी दिन श्रम बैंकको अवधारणामा सुरु गरेको प्रधानमन्त्री रोजगार कार्यक्रममा जम्मा एक लाख ८० हजार युवालाई रोजगारी दिइएको कुरा प्रकाशमा आए पनि उनीहरूले औसतमा १२ हजार पाँच सय दिन मात्र रोजगारी पाएका थिए । वास्तवमा गाँजा खेती जस्तोसुकै जग्गामा पनि गर्न सकिन्छ । त्यसकारण, यहाँका झन्डै सात प्रतिशत जग्गा बाँझो रहेकोले उक्त जग्गामा गाँजा खेती गरिएमा भविष्यमा एकातर्फ यहाँको केही युवाहरूलाई स्वदेशमै रोजगारी प्रदान गर्न सकिन्छ भने अर्कोतर्फ उक्त खेतीबाट यहाँको अर्थतन्त्रमा पनि केही योगदान पुग्नेछ । परन्तु, यसको लागि सम्बन्धित पक्षको प्रतिबद्धताको आवश्यकता छ ।

केही वर्षयता रुस-युक्रेन र मध्यपूर्वमा जारी युद्ध र केही मुलुकहरूले खाद्यान्न निर्यातमा लगाएको प्रतिबन्धको कारण विशेषतः इन्धन र खाद्यवस्तुहरूको मूल्यमा उतार-चढाव आइरहेको छ । यसको फलस्वरूप पेट्रोलियम, औद्योगिक कच्चा पदार्थ र खाद्यवस्तुहरूको मूल्यमा वृद्धि भई विश्वकै व्यापार गतिविधि एवम् पुँजी प्रवाह प्रभावित भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्वको अर्थतन्त्रको वृद्धिदर तीन दशमलव दुई प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । सन् २०२३ मा विकसित देशहरूको आर्थिक वृद्धिदर एक दशमलव छ प्रतिशतले वृद्धि भएको थियो भने सन् २०२८ मा एक दशमलव सात प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । यसैगरी, सन् २०२३ मा चार दशमलव तीन प्रतिशतले वृद्धि भएको उदीयमान तथा विकासशील देशहरूको अर्थतन्त्र सन् २०२४ मा चार दशमलव दुई प्रतिशतले वृद्धि हुने उक्त कोषको प्रक्षेपण छ । विश्व अर्थतन्त्रमा विद्यमान परिवर्तनको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि प्रभाव परेको छ । भविष्यमा यहाँको आर्थिक सुधारको लागि गाँजा खेतीले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

## सामाजिक सञ्जाल



- सूर्यराज आचार्य

विकास र सार्वजनिक सेवाको सुधारमा कुनै मौलिक/सिर्जनशील तथा परिणाममुखी काम बिना सत्ता-शक्तिमा रहेकाले सस्तो लोकप्रियताका लागि नागरिकलाई विभिन्न खाले सेवा शुल्कमा मिनाहा र अनुदान दिने प्रवृत्ति बढ्दो छ । 'फ्री' भन्ने कुरा केही हुन्न । कसै न कसैले मूल्य चुकाउनु पर्दछ ।



- सरोज पोखरेल

यो प्रश्न रवि, जीवी, छवि वा कुनै नेताका मति बिग्रेका श्रीमतीहरूलाई होइन । यो प्रश्न लाख/लाख पुलिस आर्मी राखेर बसेको सूर्य गाँछी अर्थात् लाछी सरकारलाई हो । के अब सहकारी पीडितले आफ्नो पैसा माया मार्नै पर्ने भो ? वा तत्काल केही गर्छौ पीडितको लुटिएको पैसो र हाँसो फर्काउन ठगका सरदारहरू हो !



- ओमकुमार थापा

नेपालको आर्थिक स्थिति अत्यन्त नाजुक छ । यद्यपि, सरकारी खर्च र बेरुजुको अङ्क हेर्ने हो भने नेपाल समृद्ध मुलुकको सूचीमा परिसकेको भान हुन्छ । बिना कामका कर्मचारीको संख्या उल्लेख्य मात्रै छैन उच्च तहका कर्मचारीका लागि करोडौं मूल्यका गाडीको खरिदले देश क्रमशः कङ्गाल बन्दै गएको प्रष्ट हुन्छ ।



- रञ्जित तामाङ

गतिलो उत्तरका लागि गतिलो प्रश्न चाहिन्छ । संसदीय सुनुवाइमा प्रस्तावित राजदूतहरूले जस्तो प्रश्न, त्यस्तै उत्तर दिएका हुन् कि । होइन भने प्रस्तावित मामुली राजदूतहरूले रुस-युक्रेनको लडाइँ रोक्न भूमिका खेल्छु, फुटबल स्टार ल्याउँछु, पर्यटक भित्र्याउँछु किन भनिरहेका छन् ?

# श्रीलंका र बंगलादेशले दिएको सन्देश

विचार



● विकेश श्रेष्ठ

*मुख्य राजनीतिक दल नेपाली काँग्रेस र एमालेको सत्ता लिप्सा प्रवृत्ति, यथास्थितवादी, प्रतिगामी सोच, चरम राजनीतिक अस्थिरता र भ्रष्टाचारमा चुर्लुम्म हुनुको कारण देश तेस्रो जनआन्दोलनको सम्मुख हुँदैछ । अब हुने आन्दोलन २०६२/६३ को जस्तो निरंकुश राजतन्त्रको विरूद्ध भए जस्तो हुने छैन, न त नयाँ वैकल्पिक शक्ति तत्कालीन माओवादीको जस्तो हुनेछ ।*

हालै केही वर्षमा श्रीलंका र बंगलादेशमा भएका जनविद्रोहले गम्भीर राजनीतिक सङ्केत गरेको छ । जसरी नेपालमा जनयुद्धसहितको जनविद्रोहले राजनीतिक परिवर्तन गर्‍यो तर, राज्य सत्ताको समग्र पुनर्संरचना गर्न पूर्णरूपले सम्भव भएन । सरकारमा सहभागिता मात्रले परिवर्तनकारी शक्तिहरूले राज्यसत्ता जनताको पक्षमा प्रयोग गर्न सम्भव रहेन । जब कि श्रीलंका र बंगलादेशका जनविद्रोहहरू असङ्गठित र आकस्मिक जनआक्रोशका घटनाक्रम मात्र हुन् ।

जनता विद्रोह गर्न सक्छन् तर, सत्तामाथि नियन्त्रण गर्न असमर्थ छन् । सङ्गठित शक्ति र लक्षित कार्यदिशा रहित जनविद्रोहहरू अन्ततः आंशिक सुधारमा विसर्जित भएका छन् । श्रीलंका र बंगलादेशको राजनीतिक घटनाक्रमको नतिजा पनि अन्ततः राज्य सत्तामाथि निश्चित माफिया धनाढ्य घरानाको हातमा रहेको सत्ताको शक्ति अर्को माफिया वर्गमा स्थानान्तरण बाहेक जनताको हातमा केही रहने देखिएन ।

जनताको शक्ति र जागरूकता कमजोर र शिथिल हुनासाथ सत्ताबाट फालिएकाहरू पुनः सत्तामाथि हाबी भएका छन् र यो वा त्यो प्रमुख दलको रूपमा आलोपालो जनता माथि शासन गर्न पुग्ने छन् वा पुगेका छन् । हालैको नेपालको राजनीतिक घटनाक्रम र परिस्थितिलाई नियालेर हेरौँ भने अझै स्पष्ट हुन्छ ।

श्रीलंका र बंगलादेशको सडक वाला आसमा, सत्तावाल त्रासमा छन् । नेपालको शान्ति प्रक्रिया (जनयुद्ध र जनआन्दोलनको शक्तिको समायोजन)बाट देशमा राजनीतिक परिवर्तन सम्भव भएको हो । यही कारण हो कि अन्य देशमा भएका आन्दोलनभन्दा नेपालको राजनैतिक आन्दोलनले सापेक्षित उपलब्धि प्राप्त गर्नुको साथै, आन्दोलनमा राजनैतिक नेतृत्व कायम गरेको थियो । आन्दोलनको नेतृत्वको विषय आन्दोलनको सबै भन्दा सर्वाधिक महत्वको विषय बन्यो ।

तर, श्रीलंका र बंगलादेशको सत्ता परिवर्तनले थप राजनीतिक अस्थिरता बाहेक के पायो ? अग्रगामी राजनीतिक विचार र शक्ति बिना सडकले सत्तालाई धक्का दिन सक्छ तर, परिवर्तनलाई देश र जनताको हितको पक्षमा संस्थागत गर्न सडकमा उर्लिने जनसमुदायले गर्न सक्दैन भन्ने छिमेकी देशको सत्ता पलट आन्दोलनको सन्देश हो ।

नेपालमा मुख्य राजनीतिक दल नेपाली काँग्रेस र एमालेको सत्ता लिप्सा प्रवृत्ति, यथास्थितवादी, प्रतिगामी सोच, चरम राजनीतिक अस्थिरता र भ्रष्टाचारमा चुर्लुम्म हुनुको कारण देश तेस्रो जनआन्दोलनको सम्मुख हुँदैछ । अब हुने आन्दोलन २०६२/६३ को जस्तो निरंकुश राजतन्त्रको विरुद्ध भए जस्तो हुने छैन, न त नयाँ वैकल्पिक शक्ति तत्कालीन माओवादीको जस्तो हुनेछ । अब हुने आन्दोलन मुख्यः सत्तारूढ राजनीतिक दलहरूको भ्रष्टाचार, अस्थिर शासन राज्य कर्मचारीतन्त्र, न्यायपालिकाको मनपरितन्त्रको विरुद्ध हुनेछन् ।

राजनैतिक नेतृत्वको संकट आन्दोलनमा रहे भने श्रीलंका र बंगलादेशको आन्दोलनको जस्तै देश विदेशी शक्ति राष्ट्रहरूको स्वार्थ पूरा गर्न अराजकता र अस्थिरताको हात्ती लड्ने मैदान बन्ने छ । अग्रगामी राजनीतिक सोच र दृष्टि भएका राजनीतिक दलहरूको पनि समय मै चेत आएन भने परिस्थितिलाई सम्हाल्न सकेनन् भने समयले सबै सडकबाट किनारा हुनेछन् ।

## तपाईंको राशिफल

मेष : महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

वृष : पुरानो कार्य बन्ने योग छ । स्वास्थ्य लाभ हुनेछ ।

मिथुन : रोकावटहरू समाप्त हुनेछन् । आयमा वृद्धि हुनेछ ।

कर्कट : मुकद्मा सम्बन्धी समस्याको योग छ । यात्रा सफल हुनेछ ।

सिंह : मांगलिक कार्य हुने योग छ । पद वृद्धि हुनेछ ।

कन्या : मनोबल उच्च रहनेछ । विद्यार्थीहरूको लागि समय शुभ छ ।

तुला : भूमि लाभ हुनेछ । कार्यहरूमा सावधानी अपनाउनु होला ।

वृश्चिक : व्यवसायबाट सफलता एवम् प्रसन्नता प्राप्त हुनेछ ।

धनु : यात्रा सफल र सुखद रहनेछ । नाता-गोतासित भेटघाट हुने योग छ ।

मकर : धार्मिक कार्यमा रुचि बढ्नेछ । राजनैतिक समारोहमा सहभागी हुनु पर्नेछ ।

कुम्भ : प्रशस्त मात्रामा धन कमाइ हुनेछ । खर्चमाथि नियन्त्रण राख्नुहोला ।

मीन : शैक्षणिक कार्यमा प्रगति हुनेछ । शान्तिमा वृद्धि हुने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# रुससँगको सम्बन्ध प्रगाढ बनाउन उत्तर कोरिया प्रतिबद्ध

**काठमाडौं/एजेन्सी–** उत्तर कोरियाली नेता किम जोङले रुस भ्रमणका क्रममा सुरक्षा प्रमुख सर्गेइ शोइगुसँग वार्ता गरेपछि रुससँगको सम्बन्ध प्रगाढ बनाउने प्रतिबद्धता जनाएका छन् । पश्चिमी शक्तिहरुले भने युक्रेनी युद्धमा प्रतिबन्धको अवहेलना गर्दै उत्तर कोरियाले रुसलाई हतियार बेचेको आरोप लगाएका छन् ।

राष्ट्रपति भ्लादिमिर पुटिनले गत जुनमा प्योङयाङको गर्दा किमसँग आपसी रक्षा सम्झौतामा हस्ताक्षर गरेका थिए भने उत्तर कोरियाले हालै रुससँगको सैन्य सम्बन्धलाई बलियो बनाएको छ ।

उत्तर कोरियाली सञ्चारमाध्यमका अनुसार पुटिन र किम जोङले मैत्रीपूर्ण र विश्वासनीय वातावरणमा रचनात्मक वार्ता गरेका छन् । द्विदेशिय रणनीतिक संवादलाई निरन्तर वृद्धि गर्दै आपसी सुरक्षा, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अवस्थाको रक्षा गर्न सहयोगलाई सुदृढ पार्ने विषयमा व्यापक विचार आदानप्रदान भएको उत्तर कोरियाको



सरकारी मिडियाले जनाएको छ ।

किमजोङले जुनमा हस्ताक्षर गरेको सन्धिका आधारमा उत्तर कोरियाको सरकारले रुससँग सहयोग र सहकार्यलाई थप विस्तार गर्ने पुष्टि गरे ।

यसैगरी रुसीको सुरक्षा परिषद्ले आफ्नो वेबसाइटमा किमसँगको शोइगुको भेटले रक्षा सम्झौताको कार्यान्वयनमा महत्त्वपूर्ण योगदान दिने जनाएको छ । गत मे महिनामा रक्षामन्त्रीको पदबाट राजीनामा दिएपछि शोइगु रुसको सुरक्षा परिषद्को प्रमुख बनेका हुन् ।

उत्तर कोरियाले शुक्रबार पहिलो पटक युरेनियम सुविधाका तस्बिरहरु सार्वजनिक गरेको छ भने किमले आत्मरक्षाका लागि आणविक हतियार द्रुत रुपमा अघि बढाउन सेन्ट्रिफ्युजको संख्या बढाउन आवश्यक रहेको बताएका छन् ।

अमेरिका र दक्षिण कोरियालगायतका राष्ट्रले उत्तर कोरियालाई रुसको युद्धका लागि सैन्य सामाग्री आपूर्ति गरेको आरोप लगाएका छन् भने यो दावीलाई प्योङयाङले अस्वीकार गरेको छ । यस हप्ता सार्वजनिक एक द्वन्द्व हतियार अनुसन्धान प्रतिवेदनले उत्तर कोरियामा यस वर्ष उत्पादित मिसाइलहरु युक्रेनमा प्रयोग भइरहेको देखाएको छ ।

उत्तर कोरियाको सहयोगी रुस प्योङयाङसँग मैत्रीपूर्ण सम्बन्ध राख्ने राष्ट्रहरु मध्ये एक हो भने सन् २०२२मा युक्रेन युद्ध शुरु भएदेखि पश्चिममासँग रुसीको सम्बन्ध बिग्रिएको छ ।

# सुनीता विलियम्स र बुच विलमोर अन्तरिक्षबाट मतदान गर्न उत्साहित

**काठमाडौं/एजेन्सी–** नासाका अमेरिकी अन्तरिक्ष यात्री सुनीता विलियम्स र बुच विलमोरले अन्तरिक्षमा अझै सन् २०२५ को फेब्रुअरीसम्म बस्नुपर्ने भएपछि आसन्न अमेरिकी राष्ट्रपति चुनावमा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस)बाट मतदान गर्न उत्सुक रहेको बताएका छन् ।

अन्तरिक्ष यान स्टारलाइनर पृथ्वीमा फर्किएको एक हप्तापछि शुक्रबार आयोजित पत्रकार सम्मेलनमा विलियम्स र विल्मोरले आइएसएसबाट सहभागी भएको न्यूओर्क टाइम्सले जनाएको छ ।

यो जोडी गत जुन ५ मा बोइङको स्टारलाइनर अन्तरिक्ष यानमा चढेर अन्तरिक्ष पुगेका थिए । यानमा हिलियम लिक र थ्रस्टरमा समस्या देखिएपछि दुई अन्तरिक्ष यात्री निर्धारित समयमा पृथ्वीमा फर्किन नसकेका हुन् । अन्तरिक्ष यान स्टारलाइनरलाई यसको चालक दलबिना पृथ्वीमा फिर्ता गर्ने निर्णय गरियो र तीन महिनाभन्दा बढी अन्तरिक्षमा रहेपछि सेप्टेम्बर ६ मा



सफलतापूर्वक पृथ्वीमा फर्काइयो ।

दुबै अन्तरिक्ष यात्रीलाई स्पेसएक्स ड्र्यागन अन्तरिक्ष यानबाट आगामी वर्षको फेब्रुअरीमा पृथ्वीमा फर्काइने तय भएको छ ।

अन्तरिक्ष यात्रीले मतदानमा नागरिकको महत्वपूर्ण भूमिका रहेको भन्दै मतपत्रका लागि अनुरोध गरेको बताएका छन् । 'मैले आज मतपत्रका लागि अनुरोध पठाएको छु । हामीले केही हप्तामा मतपत्र प्राप्त गर्नेछौं,' विल्मोरले भने, ' मतदानको अधिकार नागरिकको एक महत्वपूर्ण अधिकार हो, नासाले प्रदान गरेको यस अवसरका लागि हामी उत्साहित छौं ।'

टेक्सास विधायिकाले नासाका कर्मचारीलाई अन्तरिक्षबाट मतदान गर्न अनुमति दिने विधेयक पारित गरेपछि अन्तरिक्ष यात्रीहरुले सन् १९९७ देखि अन्तरिक्षबाट मतदान गर्दै आएको न्युयोर्क पोस्टले जनाएको छ ।

त्यस वर्ष नासाका डेभिड वुल्फ अन्तरिक्षबाट मतदान गर्ने पहिलो अन्तरिक्ष यात्री बने । सन् २०२० मा नासाकी अन्तरिक्ष यात्री केट रुबिन्सले पनि अन्तरिक्षबाट आफ्नो नागरिक कर्तव्य पालना गरेका थिए ।

# इरानद्वारा नयाँ अनुसन्धान उपग्रह अन्तरिक्षमा प्रक्षेपण

**काठमाडौं/एजेन्सी–** लामो समयदेखि पश्चिमा आलोचना खेप्दै आएको एयरोस्पेस कार्यक्रमका लागि इरानले शनिबार नयाँ अनुसन्धान उपग्रह प्रक्षेपण गरेको इरानी सञ्चारमाध्यमले जनाएका छन् । 'चाम्रन-१ अनुसन्धान उपग्रहलाई गाएम-१०० रकेटले सफलतापूर्वक प्रक्षेपण गरी कक्षमा स्थापित गरेको छ,' राष्ट्रिय टेलिभिजनले जनाएको छ ।

करिब ६० किलोग्राम (१३२ पाउण्ड) तौल भएको उक्त स्याटेलाइटलाई कक्षीय प्रविधिका लागि हार्डवेयर र सफ्टवेयर प्रणालीको परीक्षण गर्न डिजाइन गरिएको समाचारमा जनाइएको छ । रक्षा मन्त्रालयसँग सम्बद्ध इरानी विद्युतीय उद्योगले यो उपकरणको डिजाइन बनाई र निर्माण गरेको सरकारी टेलिभिजनले जनाएको छ ।

संयुक्त राज्य अमेरिकालगायत पश्चिमा सरकारहरुले इरानलाई यस्ता प्रक्षेपणविरुद्ध बारम्बार चेतावनी दिँदै आएका छन् र यही



प्रविधि ब्यालिस्टिक क्षेप्यास्त्रका लागि प्रयोग गर्न सकिने बताउँदै आएका छन् । इरानले आणविक अस्त्रको खोजी नगरेको र आफ्नो स्याटेलाइट र रकेट प्रक्षेपण नागरिक वा प्रतिरक्षा प्रयोजनका लागि मात्र भएको बताउँदै आएको छ । इरानको रिभोल्युसनरी गार्ड कोर्प्सको अन्तरीक्ष हेर्ने संगठनले गाएम-१०० रकेटको निर्माण गरेको हो ।

यो क्यारियर देशको पहिलो र तीन तहको ठोस-इन्धन उपग्रह प्रक्षेपक हो । इरानी सरकारी सञ्चारमाध्यमले जनवरीमा ५०० किलोमिटर भन्दा माथिको कक्षमा पहिलो पटक उपग्रह पठाउनको लागि यसको प्रयोग गरेको जनाएका छन् । इरानले वर्षौंदेखि आफ्नो अन्त्रिक्ष गतिविधिलाई शान्तिपूर्ण र संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को प्रस्तावअनुसार रहेको बताउँदै आएको छ ।

गत फेब्रुअरीमा रुसले इरानी रिमोट सेन्सिङ र इमेजिङ स्याटेलाइटलाई अन्तरिक्षमा पठाएको थियो । त्यतिबेला इरानका सञ्चारमन्त्रीले विगत दुई वर्षमा इरानले एक दर्जन स्याटेलाइट प्रक्षेपण गरिसकेको बताएका थिए ।

गार्ड्सले एउटा अनुसन्धान उपग्रह प्रक्षेपण गरेको करिब एक हप्तापछि जनवरीमा इरानले एकैपटक तीन वटा उपग्रहलाई कक्षमा पठाएको बताएको थियो । इस्लामिक गणतन्त्र इरानले विगतमा धेरै उपग्रह प्रक्षेपण विफलताहरुको सामना गर्नुपरेको छ ।

सन् २०१८ मा तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा रहेको संयुक्त राज्य अमेरिकाले तेहरान र प्रमुख शक्तिराष्ट्रहरुबीच भएको ऐतिहासिक आणविक सम्झौतालाई एकतर्फी रुपमा त्यागेपछि इरानले वर्षौंदेखि पश्चिमा प्रतिबन्धहरुको सामना गर्दै आएको छ । युक्रेनमा प्रयोगका लागि रुसलाई ब्यालेस्टिक क्षेप्यास्त्र आपूर्ति गरेको आरोपमा इरानले बिहीबार युरोपका चार राजदूतसँग स्पष्टीकरण मागेको छ ।

# जापानमा गर्मीको उच्च रेकर्ड कायम

**काठमाडौं/एजेन्सी–** जापानका अधिकांश भागहरु कान्टोदेखि क्युसुसम्म शनिबार ग्रीष्मको अन्तिम समयमा तीव्र गर्मीको अनुभव भएको देशको मौसमसम्बन्धी निकायले जनाएको छ । जापानको मौसम विज्ञान निकाय (जेएमए) ले देशभरका ९१४ निगरानी स्थानहरुमध्ये ५४२ मा ३० डिग्री सेल्सियस वा सोभन्दा बढी तापक्रम रेकर्ड गरेको छ ।

नागासाकी प्रिफेक्चरको मिनामिशिमाबारा सहरमा राष्ट्रव्यापी सबैभन्दा बढी तापक्रम ३७.८ डिग्री सेल्सियस रहेको तथ्याङ्कले देखाएको छ । मध्य टोकियोको चियोडामा ३४.५ डिग्री सेल्सियस तापक्रम रेकर्ड




भएको छ । जेएमएका अनुसार चियोडामा सन् १९४२ सेप्टेम्बर १२ मा ३५ डिग्री तापक्रम रेकर्ड गरेको थियो ।

जेएमएका अनुसार आइतबार मौसम परिवर्तन हुने अपेक्षा गरिएको छ । उत्तरबाट पूर्वी जापानको दक्षिणतर्फ सर्ने मौसमी चक्रले कान्टो-कोशिनजस्ता क्षेत्रमा वर्षा ल्याउनेछ । जापानको राजधानी टोकियोको तापक्रम त्यसपछि पनि ३४ डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको छ ।

# 'सुडानका महिला तथा बालबालिकालाई विशेष सुरक्षाको आवश्यकता'



**काठमाडौं/एजेन्सी–** मुलुकमा व्याप्त गृहयुद्धबाट ग्रसित सुडानी महिला तथा बालबालिका खाना, पानी र सुरक्षाका लगायतका आधारभूत आवश्यकताबाट वञ्चित रहेकाले उनीहरुलाई विशेष सुरक्षको आवाश्थकता रहेको राष्ट्रसंघका अधिकारीले शुक्रबार बताएका छन् ।

सुडानमा चलिरहेको द्वन्द्व मानवता विरोधी द्वन्द्वको भयानक स्वरुप भएको संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषकी क्षेत्रीय निर्देशक लैला बेकरले बताए । उनले द्वन्द्वग्रस्त क्षेत्रमा सफा पानी, स्वच्छता तथा खानाका लागि पर्याप्त खाना र चिकित्सा सेवा अभाव रहेको बताएका छन् ।

सुडानमा चलेको १६ महिना भन्दा बढीको युद्धले दशौं हजार मानिसहरुको ज्यान लिनुका साथै एक करोड भन्दा बढीलाई विस्थापित गरेको संयुक्त राष्ट्रसंघले जनाएको छ । सुडानी महिला तथा बालबालीकाहरुले द्वन्द्वसँगै शारीरिक तथा मानसिक हिंसा भोग्न बाध्य रहेको उल्लेख गर्दै उनले उनीहरुलाई सहज जिवनयापनको लागि विशेष सहयोगको आवाश्यकता रहेको जनाएका छन् ।

बेकरले सहायताका लागि थप समर्थनको आह्वान गर्दै बच्चाहरु एकै पटकमा दुईतीन वटा संक्रमणबाट ग्रसित भएकाले नियन्त्रणका लागि उपचारको व्यवस्था नभएको जनाएका छन् । आफूले महिला तथा बालबालिकाको दुखद कथाहरु सुनेको बताउँदै उनले यी अनगिन्ती पीडाको बारेकमा खुलेर भन्न नसकिने उनीहरुलाई पानी, खानालगायतका आधारभूत आवश्यकता भन्दा बढी सुरक्षाा चाहिने बताएका छन् ।

# गाजामा ५ लाख ६० हजार बालबालिकालाई पोलियोविरुद्धको खोप लगाइयो

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघले गाजापट्टीका १० वर्ष मुनिका पाँच लाख ६० हजार भन्दा बढी बालबालिकालाई पोलियो विरुद्धको खोप लगाएको जनाएको छ । गाजाको उत्तर, मध्य र दक्षिणी क्षेत्रमा आपतकालीन खोप अभियानको पहिलो चरण बिहीबार समाप्त भएको मानवीय मामिला समन्वयका लागि राष्ट्रसंघीय कार्यालय (ओसिएचए) जानकारी दिएको छ ।

ओसिएइचएका अनुसार उत्तरी गाजामा पहिलो चरणमा संयुक्त राष्ट्रसंघ तथा यसका साझेदारले एक लाख १२ हजार भन्दा बढी बालबालिकामा खोप लगाइएको छ । साझेदारहरुले करिब चार हप्तामा खोप अभियानको दोस्रो चरण सुरु गर्ने तयारी गरेको ओसिएइचएको कार्यालयले जनाएको छ ।

मानवतावादीले डब्ल्यूएचओको नयाँ विश्लेषणलाई



स्वास्थ्य प्रणालीको विनाशको बीचमा ३६ मध्ये केवल १७ अस्पताल मात्र आंशिक रुपमा सञ्चालनमा रहेको जनाएको छ । सिमीतअस्पतालहरुमा पनि आक्रमण, असुरक्षा र बारम्बार निकासी आदेशको कारण प्राथमिक स्वास्थ्य लगायतका सेवासमेत पहुँचयोग्य छैनन् ।

वेस्ट बैङको तुलकार्म र टुबासमा इजरायली सेनाले गरेको पछिल्लो अपरेसनबाट प्रभावित मानिसको आवश्यकता मूल्यांकन गर्न मानवीय साझेदारलाई परिचालन गरेको कार्यालयले जनाएको छ जहाँ एक दर्जन प्यालेस्टिनीले मृत्यु भएको थियो ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८१/०५/३०

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री Humanitarian Human Resources Pvt. Ltd. (इ.प.नं. १५५१/०७८/०७९) ले यस विभाग समक्ष सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. ६ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०५/२७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

# कश्मिरमा विधानसभा निर्वाचन नजिकिदै गर्दा झडपमा वृद्धि

**काठमाडौं/एजेन्सी–** विवादित हिमालय क्षेत्र जम्मु-कश्मिरमा एक दशकमा हुन लागेको विधानसभा निर्वाचनको केही दिनअघि कश्मिरमा भएको सन्दिग्ध आतंकवादीसँगको गोली हानाहानमा दुई भारतीय सैनिकको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएका छन् ।

भारत प्रशासित कश्मिरमा दश वर्षपछि हुनलागेको पहिलो विधानसभाको चुनाव नजिकिदै गर्दा विद्रोही र सुरक्षा बलबिच झडप बढेको देखिएको छ । 'बहादुरको सर्वोच्च बलिदान'लाई श्रद्धाञ्जली दिँदै शुक्रबार किश्तवाड जिल्लामा गोली हानाहान भएको भारतीय सेनाले सामाजिक सञ्जाल एक्समार्फत बताएको छ ।

सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै कश्मिर भारत र पाकिस्तानबीच विभाजित भएको हो र दुबै देशले यसलाई पूर्ण रुपमा दावी गर्दै आएका छन् । विद्रोहीहरुले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै दशकौंदेखि भारतीय सेनासँग लडिरहेका छन् ।

पैतिस वर्षदेखि द्वन्द्वको सामना गरिरहेको जम्मु-कश्मिर क्षेत्रमा करिब ५ लाख भारतीय सेना तैनाथ गरिएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले यसको आंशिक स्वायत्तता रद्द गरेपछि सन् २०१९ देखि यो क्षेत्र निर्वाचित स्थानीय सरकारबिना रहेको छ ।

सेप्टेम्बर १८ बाट शुरु हुने निर्वाचनमा कुल ८.७ मिलियन मानिस यस क्षेत्रको विधानसभामा मतदान गर्न योग्य छन्, जसको परिणाम अक्टोबरमा हुने अपेक्षा गरिएको छ ।

**बैतेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पाँडुडाँडा, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०५/३०)**

यस कार्यालयको तपसिल बमोजिमको निर्माण कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले चालु आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत रितपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको egp portal www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१) बोलपत्र सम्बन्धी अन्य शर्तहरु www.bolpatra.gov.np/egp को Bid Document र www.baiteshwormun.gov.np मा हेर्न सकिने छ ।
२) बोलपत्र फारम दाखिला अवधि सूचना प्रकाशन मितिले ३१ औं दिन (२०८१ असोज २९) दिनको १२ बजेभित्र र सोहि दिन (२०८१ असोज २९) दिनको १ बजे बोलपत्र खोलिनेछ । साथै २०८१ असोज १८ गते ११:०० बजे यस कार्यालयमा प्रि बिड बैठक हुनेछ ।
३) बोलपत्र दस्तुर बापतको रकम बैतेश्वर गाउँपालिकाको प्राइम कमर्सियल बैंक मैनापोखरी शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०५७०१०००००००५०९००१५६ मा र बोलपत्र जमानत बापतको रकम यस कार्यालयको धरौटी खाता नं ०५७०१००००००००७४००१०२ मा जम्मा गर्न सकिनेछ ।
४) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

| ठेक्का नं | ठेक्काको विवरण | बोलपत्र जमानत रकम रु | शिलबन्दी बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| BRM/NCB/Works/Dolakha/01/2081/082 | Construction of Bishnu Ma Vi School Building Ward 1 | ७,१०,०००/- | ५,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## ‘शाम्बाला’ले अस्करमा नेपालको प्रतिनिधित्व गर्ने

**काठमाडौं/मस–** मीनबहादुर भामको निर्देशनमा बनेको फिल्म ‘शाम्बाला’ले आगामी ९७औं अस्कर अवार्डमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने निश्चित भएको छ। अस्करको नेपाल छनोट समितिले बिहीबार आवेदन दिने अन्तिम दिनसम्म ‘शाम्बाला’को मात्र आवेदन आएको जानकारी दिएको छ। अब यो फिल्म निर्विरोध सिफारिस हुनेछ।

अस्करमा जाने निश्चित भएलगत्तै फिल्मले पोस्टर पनि सार्वजनिक गरेको छ। विगतमा केही फिल्म अस्करमा सिफारिस भएपछि पुनः प्रदर्शनमा आएको इतिहास छ।

शुक्रबारदेखि ‘शाम्बाला’ नेपालभर प्रदर्शनमा आएको छ। यो फिल्म काठमाडौं उपत्यकाका ९ र उपत्यकाबाहिरका ३९




हलमा प्रदर्शनमा आएको छ। काठमाडौं उपत्यकाका हलले मात्रै झण्डै ६० शो दिएका छन्। बलियो वर्ड अफ माउथ र नयाँ ठूला फिल्म नआउँदाको फाइदा यो फिल्मलाई पुग्ने अनुमान छ। आगामी अस्कर अवार्डमा यो फिल्मले नेपालको प्रतिनिधित्व गर्ने खबरपछि फिल्मले थप दर्शकलाई तान्न सक्ने अनुमान छ।

अस्करमा जाने निश्चित भएलगत्तै फिल्मले पोस्टर पनि सार्वजनिक गरेको छ। विगतमा केही फिल्म अस्करमा सिफारिस भएपछि पुनः प्रदर्शनमा आएको इतिहास छ। अस्कर इफेक्टले फिल्मलाई केही हदसम्म फाइदा पुग्न सक्ने देखिन्छ। भारतीय कलाकार नवाजुद्दिन सिद्दिकी र अनुराग कश्यपको नेपाल भ्रमणले पनि फिल्मलाई प्रवर्द्धनमा फाइदा पुग्ने अनुमान छ।

## राष्ट्रपति पौडेलबाट दश स्रष्टा सम्मानित

**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले सुदूरपश्चिम र कर्णालीको भाषा एवम् साहित्य क्षेत्रमा योगदान पुऱ्याउँदै आएका दश जना स्रष्टालाई सम्मान गरेका छन्। सांस्कृतिक समाज नेपालले शनिबार यहाँ आयोजना गरेको स्रष्टा अभिनन्दन तथा देउडा सांस्कृतिक साँझ कार्यक्रमको उद्घाटनपछि राष्ट्रपति पौडेलले सुदूरपश्चिम तथा कर्णालीको भाषा, साहित्य, संस्कृति, खेल तथा पत्रकारितामार्फत योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गरे।

राष्ट्रपति पौडेलले साहित्यकार राजेन्द्रसिंह रावल, अभिनेता विराज भट्ट, खेलाडी दीपक विष्ट, देउडा गायक




नेत्रराज शाही, निर्देशक भीमबहादुर थापा, गायिका टीका पुन, गायक लालबहादुर धामी, पत्रकार वसन्तप्रताप सिंह, गायक सुरेश शाही तथा लोकेन्द्रबहादुर साउदलाई सम्मान गरेका थिए।

राष्ट्रपति पौडेलले समाजद्वारा प्रस्तुत सांस्कृतिक कार्यक्रम पनि अवलोकन गरे। कार्यक्रममा गृहमन्त्री रमेश लेखक र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी पनि सहभागी थिए। कार्यक्रममा समाजका अध्यक्ष रामप्रसाद अवस्थीले गत वर्षदेखि शुरु गरिएको स्रष्टा सम्मान तथा देउडा महोत्सवलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाए।

## गायक रमेशराज भट्टराईले दिए फिदा बनाउने प्रस्तुति

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २९ भदौ

पाँचौं पटक सांगीतिक प्रस्तुति दिन कतार आएका सर्जक तथा भर्षटायल गायक रमेशराज भट्टराईले आफ्नो सांगीतिक प्रस्तुतिमार्फत उपस्थितलाई नचाएका छन्। कतारको मुटुमा रहेको इन्फिनिटी क्लबले आयोजना गरेको सांगीतिक कार्यक्रममा धमाका प्रस्तुतिसहित उपस्थितलाई नचाएका हुन्।

शुक्रबार मध्यरातमा स्टेज चढेका गायक भट्टराईले प्रवासमा दुःख गरेर बसेका श्रमिकहरूमा समर्पित गर्दै ‘टन्न पैसा कमाउन मन थियो’बाट प्रस्तुति दिन शुरुवात गरेका थिए। उनले दर्शकलाई बिस्तारै नाच्ने



गीत गाउँदै नाच्न बाध्य बनाए।

दोस्रो कोसेली उनले ‘बबाल भो’को अन्तरा ‘माया लाको उनले र मैले दुनियाँलाई के सवाल भो’ गाउँदै गर्दा दर्शकले उनीसँगै गाएर साथ दिए। भट्टराईले त्यसलगत्तै ‘फिदा भएको छु’ गाए। उनले आफ्नो अर्को हिट नम्बर ‘बहुला’ गीत पनि गाए। उनले ‘बहुला’ गीत दोहोऱ्याएर गाउँदा क्लबको फ्लोर र बल्कोनीमा बसेका दर्शक सबै नाच्दै गाउन थाले। उनले ‘उसले जति माया’, ‘फाटेको जुत्ता’, ‘नाच नाच’लगायतका गीतले दर्शकलाई भरपुर मनोरञ्जन गराए।


भट्टराईसँगै गायिका साना महर्जन र गायक सागर सुनारले समेत सांगीतिक प्रस्तुति दिए। कार्यक्रमलाई रोशन अर्यालले सहजीकरण गरेका थिए। रमेश केसी (तनहुँ) र सन्दीप भट्टराई (उदयपुर)ले मिलेर क्लब सञ्चालनमा ल्याएका हुन्। उनीहरूले पछिल्लो डेढ सालयता दर्जनौं कलाकार ल्याएर भव्य सांगीतिक प्रस्तुतिसहित मनोरञ्जन प्रदान गरिरहेका छन्।

## सुरेश र दीपाको ‘यो मनको चाहना’ सार्वजनिक

**काठमाडौं/मस–** ‘यो मनको चाहना’ बोलको नयाँ गीत सार्वजनिक गरिएको छ। गायक सुरेश लामा र दीपा लामाको आवाजमा सजिएको ‘यो मनको चाहना’ बोलको नयाँ गीत शनिबार सार्वजनिक भएको हो।

गीतको शब्द डा. दामोदर रेग्मीले लेखेका हुन् भने संगीत डी.बी. लामाको रहेको छ। विशाल निरौलाले एरेन्ज गरेका गीतलाई रञ्जन राईले मिक्सिङ र मास्टरिङ गरेका छन्।

यस गीतको भिडियोमा



चर्चित मोडल प्रभात पल ठकुरी र अप्सना बलामीले अभिनय गरेका छन्, जहाँ उनीहरूलाई एकअर्काको प्रेमभाव व्यक्त गर्दै देखाइएको छ। भिडियोको छायाँकन मनोरम प्राकृतिक दृश्यहरूमा गरिएको छ, जसले गीतलाई थप आकर्षक बनाएको छ।

उत्तम शिशिर श्रेष्ठको कन्सेप्ट र निर्देशनमा तयार पारिएको भिडियोको छायाँकन सिनेम्याटोग्राफर विशाल थापाले गरेका हुन् भने सुप्रिम पराजुलीले सम्पादन र कलरिङ गरेका छन्। गीतलाई नेपमेलो युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ। गीतको निर्माण टिमले यसलाई दर्शकले मन पराउने विश्वास लिएको छ।

## निर्णायकको भूमिकामा शिक्षाविद् गिरी




**काठमाडौं/मस–** लोकप्रिय शिक्षाविद् यादव गिरीले ‘चौथो स्पाइनी ब्याबलर इन्टरनेशनल फिल्म फेस्टिभल-२०२४’ मा निर्णायकको भूमिका निर्वाह गरेका छन्। काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा उनले निर्णायकको जिम्मेवारी बहन गरेका हुन्। प्रमुख अतिथि तथा गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झा, कार्यक्रम निर्देशक कमला जोशी र कार्यक्रमका सभापति एवं आयोजक संस्थाका अध्यक्ष डा. हुस्नेद आजादले गिरीलाई प्रसंशासहित सम्मानपत्र प्रदान गरे। ‘तपाईंको कारणले स्पाइनी ब्याबलर इन्टरनेशनल फिल्म फेस्टिभल-२०२४ मा चलचित्रलाई न्याय गर्ने उच्चतम उत्कृष्टता प्रदान गरेकोमा हामी भविष्यमा पनि यहाँको नैतिक समर्थन र प्रतिक्रिया पाउने आशा गर्दछौं’ कार्यक्रमपछि गिरीलाई प्रदान गरिएको सम्मानपत्रमा उल्लेख छ।

कार्यक्रममा राष्ट्रिय ११ र अन्तर्राष्ट्रिय विधामा ११ गरी २२ विधामा अवार्ड प्रदान गरिएको थियो। फिल्म फेस्टिभलमा विभिन्न १७ देशका ९५ भन्दा बढी फिचर लेन्थ, सट लेन्थ तथा डकुमेन्ट्रीलगायतका चलचित्रहरूको सहभागिता रह्यो। सोही अनुरुप प्रतिष्पर्धामा उत्कृष्ट ठहरिएका फिल्म, निर्देशक, प्राविधिक तथा कलाकर्मीलाई अवार्ड र सम्मान प्रदान गरिएको हो।

उसो त नेपालको शैक्षिक क्षेत्रमा गिरी चिरपरिचित नाम हो। उनी अंग्रेजी विषयको कुशल अध्यापक, प्रधानाध्यापकमात्रै होइन, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन) का केन्द्रीय सचिव पनि हुन्। आफ्नो विधा-पेशासँग सम्वन्धित तथा अन्य विभिन्न संघ-संस्थामा आवद्ध उनी समाजसेवाको क्षेत्रमासमेत उत्तिकै सक्रिय छन्। अमेरिकाको युयोर्कमा सन २०२३ जुलाई १६-१७ मा सम्पन्न एक सय २३ राष्ट्र सहभागी अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलनमा प्रस्तुत हुँदा सर्वोत्कृष्ट भएका गिरीले यसअघि ‘प्रेसिडेन्सियल अवार्ड-२०७५’, दाङ जिल्ला प्याब्सनले प्रदान गरेको ‘एक्सिलेन्सी अवार्ड-२०७८’, दुवईमा भएको इन्टरनेशनल इन्नोभेटिभ फ्युचर समिट एण्ड अवार्ड समारोहमा दिइएको ‘एक्सिलेन्सी एजुकेशन-२०२३’, ‘नागरिक क्रियशन प्रा.लि.’द्वारा सञ्चालित ‘नागरिक बोर्डडटकम’ को दोस्रो तथा ‘सामाजिक रूपान्तरणका लागि नागरिक समाज’को १७औं वार्षिकोत्सवको अवसरमा सर्वोत्कृष्ट शिक्षाविद्को हैसियतमा ‘दोस्रो नागरिक क्रियशन अवार्ड-२०८०’, ‘नेशनल ओप्सना म्युजिक एण्ड फिल्मस् अवार्ड-२०२४’ मा वर्षकै ‘सर्वोत्कृष्ट शिक्षाविद् अवार्ड-२०२४’ आदि प्राप्त गरिसकेका छन्।

**KUWAIT मा रोजगार** | कम्पनी: ARMADA RETAIL CONCEPT GENERAL TRADING COMPANY
शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०५/२८ चलानी नं.: ६०२२५३१२ LT. No.: 310826

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver (GCC Return) | 10 | 0 | | 135 | ५९२५८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ६ गते (22 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | - | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
**Miracle Employment Service (P.) Ltd**
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**डडेल्धुरा अस्पताल**
डडेल्धुरा

**सिलवन्दी बोलपत्र आह्वानको सूचना**

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०८१/०५/३०)**

आ.व. २०८१/८२ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले Stationary and Miscellaneous Items खरिद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित सप्लायर्सहरुले E-Bid गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको बिस्तृत विवरण तथा शर्तहरू www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

**मेडिकल सुपरिन्टेन्डेन्ट**

**आशुतोष ईनर्जी लिमिटेड**
**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं**
**ईमेल: aashotosh.energy@gmail.com**

**सातौ वार्षिक साधारणसभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित: २०८१/०५/३०**

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस आशुतोष ईनर्जी लिमिटेडको मिति २०८१/०५/२७ गते बिहीबार दिनको ५:०० बजे बसेको सञ्चालक समितिको १०९ औं बैठकको निर्णय अनुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारणसभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१ साल असोज २० गते आईतबार (तदनुसार सन् २०२४ अक्टोबर ०६)
**समय** : बिहानको ठिक ८:३० बजे।
**स्थान** : लिसरा रिसेप्सनस् प्रा.लि. भगवति बाहल, नक्साल काठमाण्डौं।
**(Lisara Receptions Pvt.Ltd. Bhagawati Bahal, Naxal Kathmandu)**

**छलफलका बिषयसूचीहरु**
**(१) सामान्य प्रस्ताव:**
१.१ आ.ब. २०८०।८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षज्यूद्वारा सभामा छलफलको लागि प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा।
१.२ आ.व. २०८०।८१ को लेखा परिक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा।
१.३ कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.ब. २०८१।८२ को लागि लेखा परिक्षक नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (श्री बि.एण्ड.के एशोशिएट्स चार्टड एकाउण्टेन्टस्लाई साबिक कै पारिश्रमिकमा लेखा परीक्षक नियुक्तीको लागि योग्य देखिन्छ)
१.४ आ.ब. २०८०।८१ मा कम्पनीले कमाएको खुद मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ५.२६३ प्रतिशतले हुने रकम रु २,५२,६३,१५७.९०।- (अक्षरुपी: रु दुई करोड बाउन्न लाख त्रिसट्ठी हजार एक सय सन्ताउन्न पैसा नब्बे कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।
**(२) विशेष प्रस्ताव :**
२.१ कम्पनीको प्रबन्धपत्र दफा ८(३) (४) संशोधन तथा दफा ८(५)-८(११) थप गर्ने सम्बन्धमा।
२.२ कम्पनीको नियमावली दफा (१०), (१७), (२३), (२८) संशोधन गर्ने सम्बन्धमा।
**(३) बिबिध:**
३.१ नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने अवस्था आईपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा।

**साधारणसभा सम्बन्धी अन्य जानकारीहरु:**
१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारणसभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरि सक्नुपर्नेछ। एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ।
२. मिति २०८१/०६/१२ गतेदेखि साधारणसभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ।
३. सभामा भाग लिन आउनुहुने महानुभावहरुले नाम खुल्ने परिचय पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ।
४. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ९८५१३२२७९२ मा सम्पर्क राख्नुहुन अनुरोध छ।
५. संचालक समितिको प्रतिबेदन लगाएतका बित्तीय बिबरणहरु कम्पनीका केन्द्रिय कार्यालय वा सभा हुने दिन सभाहलमा उपलब्ध हुनेछ।
६. सभा सम्बन्धी अन्य काम कार्वाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**Phalgunanda Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phaktep, Panchthar**
**Koshi Pradesha, Nepal**

**Date of publication: 2081-05-30**

1. The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Estimated amount (Nrs.) including VAT and Excluding contingency | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Remarks |
|---|---|---|---|---|---|
| PRMW/NCB/01/2081/82 | Construction of Tibhuwan Primary school building Works. | 49,68,218.54 | 125,000.00 | 3000.00 | |
| PRMW/NCB/02/2081/82 | Construction of Chilingdin Health post building Works. | 20,05,488.80 | 55,000.00 | 3000.00 | |

2. Eligible Bidders may obtain Bidding Documents from PPMO egp system www.bolpatra.gov.np/egp. bidders needs to submit their bid electronically by downloading the bidding document for e-submission from PPMO's e-GP system. Bidders submitting their bid electronically, should deposit the cost of bidding document fee and bid security in the following account as specified below.
Name of the Bank: - Nepal Investment Mega Bank Ltd. Ranke, Branch.
Name of Office: - PHALGUNANDA RURAL MUNICIPALITY OFFICE, PHAKTEP, PANCHTHAR.
Office Account no: 06901400250023(Dharauti Account for Bid Security Amount)
Rajaswa (revenue) Account no.:- 06901400250108(For the fee of Bid Document)
3. Pre-bid meeting shall be held at Phalgunanda Rural Municipality Office, Phaktep, Panchthar at 02:00 pm on 2081-06-18.
4. Bids must be submitted through PPMO's e-GP system before 12PM on 2081/06/29.
5. The bid will opened in the presence of bidders representative who chose to attend at the office of Phalgunanda rural municipal at 1 PM, 2081/06/29.Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid or scanned copy of voucher should be uploaded if deposited in the bank.
6. if the office happens to be closed on the date of opening of the bids as specified,the bid will be opened on the next working day at the same time and venue.

# टेलरिङ व्यवसायमा बढ्दैछ ग्राहकको विश्वास



नेपालमा टेलरिङ व्यवसायबाट ७ लाख प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा रोजगारी सृजना गरेको छ । विगतमा बालिघरे प्रथाबाट सुरु भएको टेलरिङ क्षेत्र अहिले व्यवसायी हुँदै फेसन डिजाइनको रुपमा काम गरिरहेका छन् । तर नेपालमा रेडिमेड लत्ता-कपडाको आयातले टेलरिङ क्षेत्रमा असर गरेको छ । नेपालमा आयात हुने रेडिमेट कपडा र सिलाई हुने कपडाको भन्सार मुल्य उस्तै हुँदा नेपालको टेलरिङ व्यवसाय आत्मनिर्भर बन्न सकेको छैन । प्रस्तुत छ, टेलरिङ व्यवसायलाई थप प्रतिस्पर्धी बनाउन के गर्नुपर्छ भन्ने सन्दर्भमा नेपाल टेलरिङ व्यवसायी महासंघका अध्यक्ष तथा ४५ वर्षदेखि टेलरिङ व्यवसाय गर्दै आएका मेरो टेलरका संञ्चालक **सदिश श्रेष्ठ**सँग मध्यान्हका **छवि सापकोटा**ले गरेको कुराकानी ।

**सदिश श्रेष्ठ**
**अध्यक्ष, नेपाल टेलरिङ व्यवसायी महासंघ**

**नेपालको टेलरिङ व्यवसाय कसरी चलिरहेको छ ?**

नेपालको टेलरिङ व्यवसायमा पनि अरु क्षेत्रमा जस्तै विगतमा आर्थिक मन्दीका कारण समस्या देखिएको थियो । तर, पछिल्लो समय टेलरिङ क्षेत्र तंग्रिदै गएको छ । विवाह, व्रतबन्ध, पार्टी तथा भोजका कार्यक्रममा टेलरिङबाट सिलाईका कपडा लगाउने प्रचलन बढेको छ । त्यसले टेलरिङ व्यवसायलाई बचाएर राखेको छ । अहिले देशबाट ठूलो संख्यामा युवा जनशक्तिको विदेश पलायनले टेलरिङ व्यापार भने बढ्न सकेको छैन । अर्को कुरा टेलरिङको भन्दा राम्रो तयारी कपडा बजारमा पाइने भएकाले पनि प्रतिस्पर्धाको अवस्था बढ्दै गएको छ ।

**उपभोक्ताहरुलाई तयारी भन्दा टेलरिङको कपडा महँगो पर्ने गुनासो पाइन्छ, यस्तो हुनुको कारण के हो ?**

तयारी र थान कपडाको आयातमा भन्सारदर उस्तै छ । त्यसैले थान कपडा ल्याएर सिलाउँदा केही महँगो पर्छ । हामीले तयारी कपडामा भन्दा काँचो कपडामा भन्सारको दर कम गर्नुपर्छ भनेर सरकारसँग भनिरहेका छौं । अर्को कुरा नेपाल भारत र चीनको ठूला देशको बिचमा छौं । चीन र भारतबाट युरोप अमेरिका जस्तो देशमा निर्यात गर्न राखेको सबै कपडाजन्य वस्तुहरु निर्यात हुँदैन । क्वालिटी कन्ट्रोल या समयमा दिन नसक्दा सिपमेन्ट हुँदैन । ती कपडाहरु नेपाल जस्तो तेस्रो मुलुकमा सस्तो मुल्यमा लिलाम जस्तै गरेर आउने गरेका छन् । त्यसैले पनि रेडिमेड हाम्रो भन्दा सस्तो हुन जाने गरेको छ । त्यसैले तयारी कपडा किन्ने नागरिक ठगिइरहेका छन् तर, यो विषयमा कसैलाई केही चासो भएको भने पाइँदैन ।

**तयारी कपडामा आकर्षित भइरहेका ग्राहकहरुलाई टेलरिङमा सिफ्ट गर्नका लागि के गर्नु पर्छ ?**

यसका लागि राज्यको नीति महत्वपूर्ण हुन्छ । सरकारले नेपालमा नै सिलाई गरेको कपडालाई प्रोत्साहन गर्न नीति बनाउने हो भने टेलरिङ क्षेत्रले नेपालबाट निर्यात गर्ने क्षमता समेत राख्छ ।

नेपालमा सस्तो मूल्यमा आएको तयारी कपडाको कारणले टेलरिङ व्यवसाय माथि उठ्न सकेको छैन । चार्डपर्वमा सिलाएको कपडा भन्दा तयारी कपडा किन्ने प्रचलन बढी छ । तयारी भनेको युज एण्ड थ्रो जस्तै हो, केही समय प्रयोग गर्ने र त्यसपछि फाल्दिने हो । अर्को कुरा तयारी कपडा छान्न पाइँदैन तर, टेलरिङमा भने व्यक्तिले कपडा छामेर, हेरेर, कपडाको गुणस्तर मन मराएर र सबै कुरा चित्त बुझाएर किन्न सक्छ । तर, आयातित तयारी कपडामा भने जवाफदेहिता हुँदैन । किनेपछि कलर गयो, भुवा आयो भनेपनि जिम्मेवारी लिने व्यवस्था हुँदैन । उपभोक्ता ठगिनुको विकल्प हुँदैन । तर, जुनसुकै टेलरमा गए पनि कलर गयो, भुवा आयो हाम्रो ग्राहकप्रति जवाफदेहिता हुन्छौं । रिप्लेस गर्ने नयाँ बनाउने सम्म जिम्मेवारी हुन्छ । त्यसैले पछिल्लो समय टेलरिङको कपडाप्रति आम ग्राहकको विश्वास बढ्दो छ ।

**टेलरिङ व्यवसायलाई प्रर्वद्धन गर्नका लागि के गर्नुपर्छ ?**

सिलाई सिकाउने भनेर स्थानीय तहदेखि केन्द्र सरकारले समेत लगानी गरेको देखिन्छ । बजेटमा समेत व्यवस्था गरिएको छ । सिलाई तालिम, सिटीईभिटी, तालिम धेरै ठूलो धनराशी खर्च गरेको छ । तर, यो क्षेत्रकै विकासको लागि तालिम लक्षित भएको देखिँदैन । यो क्षेत्रमा बालिखरे प्रथादेखि पुर्खौली पेसा अगाल्दै आउनुभएकोहरुलाई विकास गर्नका लागि उनीहरुलाई फेसन डिजाइनको तालिम, विश्व बजारमा सिप सिक्नको लागि अनलाइन बजार जस्तो क्षेत्रको ज्ञान दिन सकिरहेको अवस्था छैन । हामीले टेलरिङ व्यवसायलाई आत्मनिर्भरको बाटोमा लैजाने हो भने बाहिरबाट आएको तयारी कपडा भन्दा नेपालमै टेलरिङ हुने कपडाको प्रयोग बढाउने र टेलरिङ कपडामा लाग्ने भन्सार छुट दिने व्यवस्था गर्न आवश्यक छ ।

**नेपालको टेलरिङ क्षेत्रले फेसन डिजाइन क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्छ ?**

अहिलेको जमनामा टेलरिङ हिजो जस्तो सामान्य छैन । टेलरिङ व्यवसाय सर्ट, पाइन्ट, र कोटमा मात्र सिमित छैन । पहिला जसरी सामान्य कपडा सिलाउने भन्ने मान्यता थियो तर, अहिले ग्राहकको रोजाइअनुसार हुनुपर्छ । विदेशमा भित्रिएको फेसन डिजाइन नेपालमा तत्काल नै आउने गरेको छ । टेलरमा पनि अहिले इन्टरनेटमा भेटेर यस्तो डिजाइन चाहियो भनेर आउनेको संख्या धेरै छ । त्यहिअनुसारको बनाएर दिन सक्ने टेलरिङ व्यवसायी छन् । अहिले नेपालको टेलरिङ पनि विश्व जगतमा जस्तो फेसन चलेको छ त्यहि अनुरुप लिनसक्ने सक्षम समेत भएका छन् ।

राज्यले समयसापेक्ष तलिम नदिएपनि हामी टेलरिङ व्यवसायी महासंघ संस्थाले फेसन डिजाइन तालिम सञ्चालन गर्ने गरिरहेका छौं । फेसन डिजाइन तालिम, कोट कटिङ, तालिम लेडिज फेसन डिजाइन लगायतका समयसान्दर्भिक तालिम दिएर अपडेट गर्ने काम गरेका छौं । नेपालको टेलरिङ क्षेत्र संसारको जुनसुकै देशको नागरिक आएर लुगा सिलाएपनि उनले विश्वकै उत्कृष्ट सिलाई पाउन सक्छ । नेपालबाट अहिले विश्वका धेरै देशहरुमा नेपाली डिजाइनका कपडा बिक्री भएका छन् । अहिले अनलाइनबाट नाप लिएर बिक्री समेत गरिरहेको अवस्था छ । अझ यसलाई सरकारले समेत साथ दिने हो भने विश्वभरी हाम्रो पोसाक पुग्न सक्छ । विदेशमा रहेका लाखौं नेपालीमा समेत हाम्रो उपस्थिति बन्न सक्छ ।

## निर्माण व्यवसायीहरुलाई अन्याय हुन्न : मुख्यमन्त्री शाह



**कैलाली/मस** - सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिम प्रदेशभित्र रहेका निर्माण व्यवसायीहरुलाई कुनै पनि किसिमको अन्याय हुन नदिने बताएका छन् । सुदूरपश्चिम प्रदेश निर्माण व्यवसायी महासंघको शनिबार धनगढीमा आयोजित १७औं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा उनले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने ऐन, नियमावलीलाई संशोधन गर्न तथा कार्यविधि बनाएर अगाडि बढ्ने भए पनि आफू तयार रहेको विश्वास व्यक्त गरे ।

मुख्यमन्त्री शाहले काम सम्पन्न भइसकेका, दायित्व सिर्जना भइसकेका, भुक्तानी दिन बाँकी रहेका निर्माण व्यवसायी, कम्पनीहरुलाई भुक्तानी दिनुपर्दछ भनी स्पष्ट निर्देशन दिएको बताए । उनले भने, 'यो बजेटमा त्यो सम्बोधन हुन्छ भन्ने मलाई विश्वास छ र यही सेरोफेरोमा यो बजेटलाई अगाडि बढाउन खोजिएको छ ।' प्रदेश सरकारले काम गर्न खोज्दाखोज्दै पनि कतिपय संघीय ऐन, नियमावली बाझिएका कारणले पनि हामी अगाडि बढ्न नसकेको अवस्था रहेको उनको भनाइ छ । 'हामीले सबै विकास निर्माणका प्रक्रियाहरुलाई अवरोध गरेर जानुपर्दछ, पन्छाएर जानु पर्दछ भनेको होइन', उनले भने, 'हामी सबै मिलेर अगाडि बढ्ने हो ।'

निर्माण व्यवसायहरुलाई हतोत्साहित, निरुत्साहित गर्ने काम सरकारले नगर्ने उनले स्पष्ट पारे । निर्माण व्यवसायीलाई कुनै पनि समयमा आफूसँग छलफल तथा सम्पादनमा आउन मुख्यमन्त्री शाहले आग्रह गरे । शाहले भने, 'अहिले हामी बजेट निर्माण प्रक्रियामा छौं यसभित्र थप केही सुझाव छन् भने लिखित रुपमा दिनुहोला ।' आर्थिक मामिला राज्यमन्त्री प्रकाशबहादुर बमले सुदूरपश्चिम प्रदेशका निर्माण व्यवसायीहरुले सुदूरपश्चिमको विकासका निम्ति सरकारलाई सहयोगी पात्रका रुपमा आफूले मूल्यांकन गरेको बताए ।

नेपाल निर्माण व्यवसाय महासंघका केन्द्रीय अध्यक्ष रवि सिंहले सरकारले निर्माण व्यवसायसम्बन्धी विधेयकलाई चाँडोभन्दा चाँडो सदनबाट पास हुने, देशको समृद्धि र विकास निर्माणलाई अगाडि बढाउनका लागि, सार्वजनिक खरिद ऐन संशोधन भएर निर्माण उद्योगमैत्री ऐन प्राप्त हुने विश्वास व्यक्त गरै । कार्यक्रममा सुदूरपश्चिम प्रदेश निर्माण व्यवसायी महासंघका अध्यक्ष लक्ष्मणकिशोर स्वाँरले निर्माण व्यवसाय संघमा देखिएको समस्या राज्यले सम्बोधन गर्नुपर्नेमा जोड दिए ।

साधारणसभाको उद्घाटन समारोहमा सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लाका जिल्ला अध्यक्षहरु, आर्थिक मामिला मन्त्रालयका सचिव, सहायक प्रमुख जिल्ला अधिकारी, कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

## कामना सेवा विकास बैंकको १२ प्रतिशत लाभांश घोषणा



**काठमाडौं/मस** - कामना सेवा विकास बैंकले आर्थिक वर्ष २०८०/८१ को संचित मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई चुक्तापुँजीको १२ प्रतिशत लाभांश घोषणा गरेको छ । ७ प्रतिशत बोनस सेयर र ५ प्रतिशत नगद लाभांश (कर समेत)गरी बैंकले १२ प्रतिशत लाभांश घोषणा गरेको हो । उक्त लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति तथा आगामी १८ औं वार्षिक साधारणसभाबाट पारित भएपछि शेयरधनीहरुले उक्त लाभांश प्राप्त गर्नेछन् ।

यससँगै कामना विकास बैंक यस वर्ष लाभांश घोषणा गर्ने पहिलो विकास बैंक बनेको छ । कामना सेवा विकास बैंक आव ०८०/८१ को चौथो त्रैमासिकसम्मको अपरिस्कृत वित्तीय विवरणअनुसार सर्वाधिक प्रतिशेयर वितरण योग्य नाफा भएको विकास बैंक समेत बनेको छ । बैंकको शुक्रबार बसेको संचालक समितिको बैठकबाट उक्त प्रस्ताव पारित भएको बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले बताए ।

## नेपाल बैंकले सञ्चालनमा ल्यायो नगद निक्षेप मेसिन



**काठमाडौं/मस** - नेपाल बैंकले आफ्नो पहिलो नगद निक्षेप मेसिन सञ्चालनमा ल्याएको छ । राजधानीको न्युर ोडमा रहेको आफ्नो मुख्य शाखा अफिसमा बैंकले उक्त नगद निक्षेप मेसिन उद्घाटन गरेको हो । मेसिनको उद्घाटनबारे जानकारी दिन बैंकले बुधबार जारी गरेको विज्ञप्तिमा मेसिनमा रियल टाइम नगद जम्मा गर्ने सुविधा भएकोले ग्राहकवर्गलाई क्यास काउन्टरबाट मात्र नगद जम्मा गर्नुपर्ने बाध्यता हटेको उल्लेख छ ।

बैंकले ग्राहक सेवालाई थप प्रभावकारी तथा डिजिटलमैत्री बनाउँदै अत्याधुनिक बैंकिङ सेवा विस्तार गरिँदै लगिने समेत जनाएको छ । हाल बैंकले आफ्नो २२९ शाखा, ५९ एक्टेन्सन काउण्टर र २०४ एटिएम काउण्टरबाट सेवा प्रदान गर्दै आएको छ ।

## ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड १ को प्रतिफल घोषणा

**काठमाडौं/मस** – ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड १ ले गत आर्थिक वर्षका लागि इकाईधनीहरुलाई वितरण गर्ने प्रतिफल घोषणा गरेको छ । ग्लोबल आइएमई क्यापिटलको योजना व्यवस्थापनमा ग्लोबल आइएमई म्युचुअल फण्डअन्तर्गत सञ्चालित ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड १ ले गत आर्थिक वर्षका लागि प्रतिफल घोषणा गरेको हो ।

Global IME Capital Limited

कम्पनीको भदौ २८ गते बसेको क्यापिटलको सञ्चालक समितिको बैठकले करसहित ५ प्रतिशतले हुन आउने ५ करोड १२ लाख ८८ हजार १८० रुपैयाँ प्रतिफल वितरण गर्ने निर्णय गरेको हो । फण्डको कोष प्रवर्द्धक ग्लोबल आइएमई बैंक लिमिटेड रहेको कम्पनीले जनाएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**